# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७० | काठमाडौं | आइतबार, १७ असार २०८० | Prabhab National Daily | Sunday, July 02, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


कोशीमा सरकार

## बहुमत जुटाउन सकस



उद्धव थापा — इन्द्र आङ्बो

### प्रदेश नामले दबाब

**काठमाडौं (प्रस)–** गत १७ फागुनदेखि कोशी प्रदेश अशान्त छ । कोशी नामलाई पहिचान पक्षधरहरूले रुचाएका छैनन् । उनीहरूले प्रदेशको नाम 'किरात-लिम्बुवान' राख्नुपर्ने बताउँदै आएका छन् । तर, उनीहरूको मागअनुसारकोनामराख्नसहजछैन। किनभने, (बाँकी पृष्ठ २ मा)

■ जेबी योञ्जन

- प्रदेश प्रमुख परशुराम खापुङ सरकार गठन आह्वान गर्दै
- संविधानको धारा १६८ को (२) अनुसार नयाँ सरकार गठन हुने
- चार दलीय गठबन्धनलाई सरकार गठन चुनौतीपूर्ण
- कांग्रेस-माओवादी कसको नेतृत्वमा सरकार गठन गर्ने भन्ने अनिश्चित
- मुख्यमन्त्रीको आकांक्षी कांग्रेसका उद्धव थापा र माओवादीका इन्द्र आङ्बो
- राप्रपाले गठबन्धनलाई सहयोग नगर्ने

**काठमाडौं–** एमाले नेतृत्वको सरकार ढलेसँगै कोशी प्रदेशमा सरकार गठन निकै चुनौतीपूर्ण हुने देखिएको छ । संसदीय अंकगणित चार दलीय गठबन्धनलाई पनि सरकार बनाउन त्यति सहज हुने खालको छैन ।

यद्यपि, प्रदेश प्रमुख परशुराम खापुङले आजै सरकार गठनका लागि आह्वान गर्ने तयारी गरेका छन् । संविधानको धारा १६८ को उपधारा (२) अनुसार नै उनले सरकार गठनको आह्वान गर्ने तयारी गरिरहेको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

उक्त उपधारामा दुई वा दुईभन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त प्रदेशसभा सदस्यले मुख्यमन्त्रीमा दाबी गर्न मिल्ने प्रावधान छ । चार दलीय गठबन्धनमा रहेका नेपाली कांग्रेसका २९ जना, नेकपा माओवादी केन्द्रका १३ जना(सभामुखसहित), नेकपा एकीकृत समाजवादीका चार जना र जनता समाजवादी (जसपा)का एक गरी ४७ जना सांसद छन् ।

सभामुख बाबुराम गौतमले मतदान गरेको अवस्थामामात्रै त्यहाँ सरकार गठन हुने देखिन्छ । उनले मतदान नगर्ने हो भने सरकार गठन हुँदैन । त्यस्तो अवस्थामा संविधानको धारा १६८ को उपधारा (३) अनुसार संसद्मा सबैभन्दा धेरै सदस्य भएको दलको तर्फबाट सरकार बन्ने प्रावधान छ । संसद्मा एमाले ४० सिटसहित पहिलो दल छ ।

तर, माओवादीका एक नेता झट्ट हेर्दा असहजजस्तो देखिए पनि बहुमतसहित सरकार गठन गर्ने बताउँछन् । उनका अनुसार राप्रपा पनि गठबन्धनमा आउनसक्ने सम्भावना छ । 'हामी (चार दल) आफैं सरकार गठन गर्न सक्छौं,' उनले प्रभावसँग भने, 'तर, राजनीतिक सत्ता समीकरणमा राप्रपा आउने वातावरण बन्दै छ ।'

प्रदेश संसद्मा राप्रपाको छ सिट छ । २४ पुसमा नेकपा एमाले कोशी प्रदेश संसदीय दलका नेता हिक्मतकुमार कार्कीको नेतृत्वमा सरकार गठन हुँदादेखि ढल्दासम्म राप्रपाको समर्थन एमालेलाई रहयो । तर, के राप्रपा चार दलीय गठबन्धनमा रहेर सरकारमा जाँदै छ ? राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाले भने, 'हामी मुख्यमन्त्री दिने भने पनि अहिलेको चार दलीय गठबन्धनमा मिसिन जाँदैनौं । हामी कसैले यता आउनू भन्दैमा कुदेर (बाँकी पृष्ठ २ मा)

# देउवाकै शैली पछ्याउँदै गगन–विश्व

■ प्रभाव संवाददाता



- केन्द्रीय सदस्यहरूले पटक-पटक केन्द्रीय समिति माग्दा पनि न त सभापतिले सुनेका छन् न त महामन्त्रीद्वयले यसबारे आवाज उठाए
- रूपान्तरण अभियानमा देउवाको शैलीसँगमात्र हैन महामन्त्रीद्वयको शैलीमाथि पनि नेता कार्यकर्ता असन्तुष्ट सुनिए
- 'आफ्ना नजिकका मान्छे केन्द्रीय सदस्य चाहिने, टिकट तपाईंका भरौटेहरूलाई चाहिने, अनि शेरबहादुरलाई पनि त्यही चाहिने, गगन र शेरबहादुरमा हामीले फरक कसरी देख्ने ?'

**काठमाडौं–** नेपाली कांग्रेसमा सभापति शेरबहादुर देउवाकै छवि हो- आफ्नो गुटका जतिसुकै कमजोर भए पनि संरक्षण गर्ने । आफूइतरकोलाई जति बलियो भए पनि ठाउँ नदिने । काम गर्दा विधान मिच्ने । १३औं महाविधेशनपछि पार्टी नेतृत्वमा उदाएका देउवा आफूविरोधीलाई सकाउन खप्पिस । संस्थापनइतरमा डा. शशांक कोइरालादेखि रामचन्द्र पौडेलसम्मलाई तह लगाएर १४औं महाविधेशनमा पनि रजगज चलाए पार्टीमा । देउवाकै नेतृत्वका कारण २०७४ सालको निर्वाचनमा कांग्रेस निकै सानो आकारमा खुम्चियो । पछिल्लो निर्वाचनमा टिकट बाँडफाँटमा आफ्नोलाई मात्र काख राख्दा गठबन्धन गर्दा पनि कांग्रेसले खासै राम्रो जित निकाल्न सकेन । तर, देउवा घमण्ड गर्छन्- पार्टीलाई 'नम्बर वान' बनाएँ ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट महामन्त्रीमा नयाँ पुस्ता दुई जना नेता निर्वाचित भए । कांग्रेसमामात्र हैन जनतामाझ नै प्रिय पात्र गगन थापा र विश्वप्रकाश शर्मा उक्त पदमा निर्वाचित भए । त्यतिबेलाबाटै धेरैले सोचेका थिए कांग्रेसमा नयाँ उत्साह छाउनेछ । किनभने, गुटगतरूपमा शक्तिशाली सभापति देउवाले पार्टीमा निरंकुशता लादेका थिए । आफू निकटकालाई टिकट बाँड्ने र मन्त्री बनाउने देउवाको शैलीको विरोध पार्टीमा चर्को थियो । यही चर्को विरोधकै कारण पार्टीमा गगन-विश्व उदाए ।

तर, पछिल्ला दिनहरूमा गगन-विश्वले देउवाकै शैली पछ्याउन थालेका आरोप लाग्न थालेको छ । हुन पनि कांग्रेसमा गत भदौयता केन्द्रीय समिति बैठक बस्न सकेको छैन । केन्द्रीय सदस्यहरूले पटक-पटक केन्द्रीय समिति माग्दा पनि न त सभापतिले सुनेका छन् न त महामन्त्रीद्वयले यसबारे आवाज उठाएका छन् । उपनिर्वाचनमा गगन तनहुँ-१ मा खटिँदा विश्वप्रकाश चितवन-२ मा कमाण्डरका रूपमा उत्रेका थिए । दुवैले स्वर्णिम वाग्लेविरुद्ध 'एन्टी करेन्ट स्पिच' दिँदा राष्ट्रिय स्वतन्त्र पार्टीलाई चुनावी माहोल बनाउने थप मद्दत पुगेको थियो । जस कारण कांग्रेसले गठबन्धन गर्दा पनि दुवै सिट गुमायो उपनिर्वाचनमा ।

उपनिर्वाचनको समीक्षाका लागि गगन-विश्वले केन्द्रीय समिति डाक्ने धेरैको अपेक्षा थियो कांग्रेसजनमा । तर, महामन्त्रीद्वयको प्रस्तुतिले अहिले कांग्रेस नेता कार्यकर्ता निराश बनेका छन् । कांग्रेसमा धेरै विभागहरू अझै अपूर्ण छन् । ती विभागमा पूर्णता दिने जिम्मेवारी महामन्त्रीहरूको हो, तर गगन-विश्वले यसबारे कुनै चासो नदिएको आरोप कांग्रेसकै नेताहरूको छ । महिला संघ र तरुण दलको तदर्थ समितिले पूर्णता पायो, यसमा पनि महामन्त्रीद्वय भागबण्डाभन्दा माथि उठ्न सकेन ।

यही विषयलाई मध्यनजर गर्दै सातवटै प्रदेशमा कांग्रेसको संस्थापनइतरले रूपान्तरण (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

बेलायतमा नर्सलाई रोजगारी

# अनलाइन आवेदन खुलाउने तयारी

■ मोहनप्रसाद पन्त



> परीक्षणको रूपमा पहिलो चरणमा १०० जनाका लागि आवेदन माग गरिनेछ । अनलाइन आवेदन दिएकामध्ये योग्यता पूरा गरेकाहरूको 'सर्ट लिस्टिङ' गरी अन्तर्वार्ताका लागि बोलाइनेछ । त्यसबाट छानिएकाहरु रोजगारीका लागि बेलायत जान पाउनेछन् ।
>
> ■ **राजीव पोखरेल**
> **सहसचिव, श्रम मन्त्रालय**

**काठमाडौं–** सरकारले नेपाल र बेलायतबीच भएको स्वास्थ्यकर्मी (नर्स) पठाउने श्रम सम्झौता कार्यान्वयनसम्बन्धी 'प्रोटोकल' पारित भएसँगै आवेदन खुलाउने तयारी गरेको छ । यही असार ५ गतेको मन्त्रिपरिषद् बैठकले प्रोटोकल स्वीकृत गर्ने निर्णय गरेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले द्विपक्षीय मापदण्डका आधारमा नर्स पठाउने प्रक्रिया अघि बढाउन अनलाइन आवेदन खुलाउने तयारी गरेको हो ।

गत वर्ष भदौ ६ गते दुई देशबीच जिटुजी सम्झौता भएको १० महिनापछि प्रोटोकल स्वीकृत भएर कार्यान्वयनमा आउन लागेको मन्त्रालका अधिकारीहरू बताउँछन् । बेलायतमा रोजगारीका लागि आवेदन दिन चाहने नर्सहरूले प्रोटोकलले तोकेअनुसार योग्यता अनिवार्य पूरा गरेको हुनुपर्नेछ । यही जुलाई महिनाभित्रै आवेदन माग गर्ने तयारीकासाथ काम भइरहेको मन्त्रालयका सहसचिव एवं रोजगार व्यवस्थापन महाशाखा प्रमुख राजीव पोखरेलले बताए । 'परीक्षणको रूपमा पहिलो चरणमा १०० जनाका लागि आवेदन माग गरिनेछ,' उनले भने, 'अनलाइन आवेदन दिएकामध्ये योग्यता पूरा गरेकाहरूको सर्ट लिस्टिङ गरी अन्तर्वार्ताका लागि बोलाइनेछ र छानिएकाहरू रोजगारीका लागि बेलायत जान पाउनेछन् ।'

प्रोटोकलले व्यवस्था गरेअनुरूप बेलायतमा रोजगारीका लागि जाने तयारी गरिरहेका नर्सहरूले इन्टरनेसनल इंग्लिस ल्याङ्ग्वेज टेस्टिङ सिस्टम (आइइएलटिएस)मा न्यूनतम सात अंक अनिवार्यरूपमा ल्याउनुपर्नेछ । त्यस्तै तीन वर्षको नर्सिङ कोर्सअन्तर्गत पिसिएल नर्सिङ वा बिएनसरहको शैक्षिक योग्यता हासिल गर्नुपर्नेछ । साथै २ वर्ष काम गरेको अनुभव पनि अनिवार्य गरिएको छ । द्विपक्षीय सम्झौताअनुसार नेपालको वैदेशिक रोजगार विभागअन्तर्गत बेलायत शाखा र बेलायतको डिपार्टमेन्ट अफ हेल्थ एन्ड सोसियल केयर वा तोकिएको निकायको प्रत्यक्ष संलग्नतामा नर्सहरूको छनोट र पदस्थापनसम्बन्धी कार्य हुनेछ ।

लामो समयदेखि प्रतीक्षाको विषय बनेको श्रम सम्झौताको कार्यान्वयनले नेपाली स्वास्थ्यकर्मीहरूलाई विधिसम्मत तवरले बेलायतको स्वास्थ्य क्षेत्रको रोजगारीमा सहज संलग्न हुने वातावरण बन्ने र नेपालको स्वास्थ्य क्षेत्रमा संलग्न जनशक्तिको विकासमासमेत मद्दत पुग्ने विश्वास लिइएको छ । जिटुजी सम्झौताअनुसार बेलायतको स्वास्थ्य सेवामा कार्यरत रहँदा नेपाली स्वास्थ्यकर्मीको सेवा सुविधा र अधिकार बेलायती स्वास्थ्यकर्मीसरह हुने भनिएको छ । सम्झौताअनुसार रोजागरीका लागि छनोट भएका नर्सले शून्य लागतमा नै बेलायत जाने अवसर प्राप्त गर्नेछन् भने नियुक्ति प्रक्रियाका लागि कुनै शुल्क लाग्ने छैन ।

त्यस्तै रोजगारीका लागि छनोट भएका स्वास्थ्यकर्मीको सम्पूर्ण लागत शोधभर्ना हुने व्यवस्था गरिएको छ । नेपाली नर्सलाई बेलायतको स्वास्थ्य सेवा (एनएचएस)मा सुरक्षित, मर्यादित र व्यवस्थित तवरले रोजगारीमा संलग्न हुने व्यवस्था मिलाइने सम्झौतामा उल्लेख छ । यस्तै विश्व स्वास्थ्य संगठनको हेल्थ वर्कर सपोर्ट एण्ड सेफगार्ड लिस्ट २००० मा नेपाल समावेश रहेको अवस्थालाई मध्यनजर गर्दै नर्सहरूको संख्या र प्रकारका सम्बन्धमा दुवै सरकारले संयुक्त निर्णय गर्ने बताइएको छ । बेलायतमा रोजगारीको अवसर पाउने नर्सहरूको समयावधि पाँच वर्षको हुनेछ । त्यसपछि अनिवार्य स्वदेश फर्किनुपर्नेछ । त्यस्तै रोजगारीका लागि छनोटमा परेका नर्सहरूले बेलायतको नियमानुसार सहायक नर्सको रूपमा काम गर्न पाउनेछन् । उनीहरूलाई त्यहाँको नर्सिङ काउन्सिलमा अनिवार्य दर्ता हुनुपर्ने प्रावधान राखिएको छ ।

आकर्षक रोजगारीको गन्तव्य मानिएको बेलायतमा जाने स्वस्थ्यकर्मीको मासिक पाँच लाख रूपैयाँ आम्दानी हुने बताइएको छ । हाल बेलायतको स्वास्थ्य क्षेत्रमा झण्डै एक लाख नर्सको माग रहेको बताइएको छ । बेलायतले नेपालसहित फिलिपिन्स, भारत र श्रीलंकाबाट नर्स लैजाने तयारी गरिरहेको छ ।

श्रम मन्त्रालयले बेलायतमात्र नभई जापान, जर्मनी, इजरायल, न्युजिल्याण्डलगायतका मुलुकमा स्वास्थ्यकर्मी पठाउनेसम्बन्धमा पनि गृहकार्य भइरहेको जनाएको छ । यद्यपि, जापान र जर्मनीले नर्सिङ क्षेत्रमा ठूलो जनशक्ति आवश्यक रहेको भन्दै नेपालबाट नर्स लैजाने बताउँदै आएको छ । यसअघि इजरायलसँग भएको श्रम सम्झौताअनुसार केही संख्यामा नर्सलाई केयरगिभरको रूपमा पठाइएको मन्त्रालयले जनाएको छ ।


## हार्दिक आमन्त्रणा

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३१औं वार्षिककोत्सवको उपलक्ष्यमा संघले आयोजना गरेको कार्यक्रममा **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री शरद सिंह भाण्डरीज्यूको** प्रमुख आतिथ्यतामा हुन गइरहेको रक्तदान, लगायत विविध सांस्कृतिक कार्यक्रम रहेको यहाँलाई अवगत भएकै विषय हो, तसर्थ यहाँहरूको गरिमामय उपस्थितिका साथै कार्यक्रम सफल बनाउन हामी सबैको कर्तव्य र दायित्व रहने हुँदा सम्पूर्ण व्यवसायीज्यूहरूलाई निम्न मिति, समय र स्थानमा उपस्थितिका लागि हार्दिक आमन्त्रणा गर्दछौं ।

मिति : २०८० असार १७ गते (आइतबार)
समय : बिहान ८ देखि ११ बजेसम्म रक्तदान
११ बजेदेखि सम्मान, सांस्कृतिक तथा विविध कार्यक्रम
स्थान : संघको कार्यालय, तिलगांगा, काठमाडौं

मेघनाथ भुर्तेल
महासचिव

NEPAL ASSOCIATION OF FOREIGN EMPLOYMENT AGENCIES NEPAL 2049

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८, ९८०१०९७८८८२

# मेलम्चीमा मध्यकालीन सुधारको काम गरिने

■ प्रभाव संवाददाता



**काठमाडौं–** मेलम्ची खानेपानी आयोजनाको दीर्घकालीन मर्मत सुरुको तयारी भइरहँदा त्यो सम्पन्न नहुँदासम्म पानी सञ्चालनका लागि मध्यकालीन सुधारको काम गरिने भएको छ ।

२०७८ असार १ गतेको बाढीका कारण आयोजनामा ठूलो भौतिक क्षति भएको थियो । सो क्षतिपछि आयोजना पुनःसञ्चालन गर्न र पुनःनिर्माणका लागि तत्काल गर्ने, मध्यकालीन र दीर्घकालीन गरी तीन किसिमका योजना बनाइएको थियो । तत्कालको सुधार सकिएर आयोजनाले उपत्यकामा पानी ल्याइरहेको छ । दीर्घकालीन संरचना बन्दासम्मका लागि भइरहेका संरचनाको सुधार गरी सञ्चालनको काम मध्यकालीन योजनाअन्तर्गत रहेको आयोजनाका प्रवक्ता राजेन्द्रप्रसाद पन्तले बताए।

'हेडवर्क'को मध्यकालीन कार्ययोजनाअनुसार काम गरिने उनले बताए । त्यसमा हेडवर्कलाई चलाउन आवश्यक काम गेटको मर्मतको काम, बाढी आएपछि च्यानलाइजेसन गरिने आयोजनाको योजना छ ।

आयोजनामा आगामी वर्ष मर्मत सञ्चालनको काम गरिने आयोजनाले जनाएको छ । हेडवर्कको बायाँतर्फ रहेको पहिरोको रोकथामका लागि काम गरिने उनले बताए । सानासाना काममात्रै गर्न सकिने उनले बताए । उनले भने, 'नयाँ हेडवर्क तत्काल बनि सक्दैन, त्यही संरचनाको मर्मत गरेर पानी चलाउन लागिनेछ ।'

आयोजनालाई स्थायीरूपमा सम्पन्न गर्न दीर्घकालीन कार्ययोजनाअनुसार गर्नुपर्ने काम पनि आगामी आवमा अघि बढ्ने प्रवक्ता पन्तले बताए । डिजाइन स्वीकृत भएपछि खरिद प्रक्रियामा गएपछि नै काम सुरु गरिने उनले बताए । हेडवर्क कहाँ बनाउने भन्ने यही वर्ष तय गरिने आयोजनाले जनाएको छ ।

हेडवर्क बनिसक्न समय लाग्ने भएकाले निर्माण भइरहँदा पनि अहिले भइरहेको संरचना नै चलाउनुपर्ने प्रवक्ता पन्तले बताए। नयाँ 'हेडवर्क' निर्माणमा एसियाली विकास बैंकले पनि चासो देखाएको उनले बताए । उनले भने, 'यस वर्षमा निर्णय भएमा अर्को वर्ष निर्माण सुरु हुनसक्छ ।'

आयोजनाले सो बैंकसँगको ऋण सहयोगमा आयोजना निर्माण गरेको थियो । यसअघिको ऋण सकिएकाले नयाँ सम्झौता गरेर काम गर्नुपर्ने उनले बताए। नयाँ 'हेडवर्क' निर्माणका लागि विज्ञहरूले दुई/तीन ठाउँ हेरिसकेको उनले बताए । कुन ठाउँ उपयुक्त हुन्छ भनी र कस्तो बनाउने भनी निर्णय हुन बाँकी रहेको उनले बताए । अन्तिम भएपछि प्रतिवेदन दिने र त्यहीअनुसार रकमको व्यवस्था गरिनेछ । उनले भने, 'त्यसपछि नयाँ ठेक्का प्रक्रियामा जान सकिनेछ ।'

दीर्घकालीन योजनाअनुसार नयाँ हेडवर्क सम्पन्न गरेर स्थायीरूपमा चल्न समय लाग्ने भएकाले मध्यकालीन योजनाअनुसार भइरहेका संरचना सुधारका काम गर्न लागिएको हो । यस वर्ष निर्माणको काम सुरु गर्नसके अर्को दुई वर्षभित्रमा सम्पन्न गर्न सकिने उनले बताए । उनले भने, 'त्यतिबेलासम्म मध्यकालीन कार्ययोजनाअनुसार यही हेडवर्कबाट पानी चलाउनुपर्छ ।'

आगामी वर्ष आयोजनाका लागि सरकारले बजेट कम छुट्याएकाले धेरै काम नहुने उनले बताए । आगामी वर्षको बजेटमा आयोजनाको अस्थायी हेडवर्कको स्तरोन्नति गरी बाह्रै महिना खानेपानी आपूर्ति व्यवस्था मिलाइने उल्लेख छ । मेलम्ची जलाधारको भौगोलिक अध्ययन प्रतिवेदनको सुझावअनुसार आयोजनाको सञ्चालन गरिनेछ । आयोजनाको दोस्रो चरणअन्तर्गत यांग्री र लार्के जोड्ने गरी संरचना निर्माण गर्ने बजेटमा उल्लेख छ ।

# स्वयम्भूको गजुर जीर्णोद्वार सुरु

**काठमाडौं (प्रस)–** विश्वसम्पदा सूचीमा सूचीकृत स्वयम्भूनाथ चैत्यको जीर्णोद्धार सुरु गरिएको छ । हावाहुरीका कारण गत फागुनमा चैत्यको गजुर झरेपछि यसको जीर्णोद्धार सुरु गरिएको हो ।

पुरातत्त्व विभाग, स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमिति र काठमाडौं महानगरपालिकाको प्राविधिक टोलीले विस्तृत अध्ययन गरेको थियो । काठमाडौं-१५ मा पर्ने उक्त स्थलमा विशेषगरी बौद्ध अनुयायीले विभिन्न धार्मिक गतिविधि गर्ने गर्दछन् ।

सम्पदाको संरचनाको कला, कौशल, बनोटको अध्ययन तथा अनुसन्धान गर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् । यहाँबाट काठमाडौं उपत्यकाको बाक्लो बस्ती तथा त्यस वरपर क्षेत्रको अवलोकनका लागि पनि सर्वसाधारण मानिस आउने गरेको पाइएको छ ।

प्राचीन सम्पदा भएकाले पुरातत्त्व विभागको परामर्श तथा अनुमति प्राप्त भएपछि मात्र जीर्णोद्वार प्रारम्भ गरिएको स्वयम्भू व्यवस्थापन तथा संरक्षण महासमितिका अध्यक्ष भिक्षु भर्ममूर्ति महास्थवीरले जानकारी दिए । उक्त महासमितिले यस क्षेत्रको सरसफाइ तथा आवश्यक संरक्षण गर्ने गरेको छ । बाँदरले हल्लाएर कमजोर बनेको गजुरमा ठूलो हावाहुरीले क्षति पुर्‍याएको स्थानीयको भनाइ छ ।

मर्मत तथा जीर्णोद्वारको काम सकिएपछि विशेष विधिअनुसार क्षमा पूजा गरी गजुर पुनःप्रतिस्थापन गरिने जनाइएको छ । चैत्यको आसपास क्षेत्रमा रहेका प्रतापपुर र शान्तिपुर मन्दिरले पनि त्यस क्षेत्रमा विशेष सौन्दर्य थपेको छ । यसअघि यी दुवै सम्पदाको पनि मर्मत गरिएको थियो ।

## बहुमत...

पृष्ठ १ बाट जारी

जाँदैनौं ।'

फेरि, प्रदेश सरकार कसको नेतृत्वमा गठन गर्ने भन्नेबारे भने टुंगो पनि लागेको छैन । मुख्यमन्त्री हुन कांग्रेसका उद्धव थापा र माओवादीबाट इन्द्रबहादुर आङ्बो छन् । यी दुई जना कोशीका पाँचौं मुख्यमन्त्री हुने दौडमा छन् । गठबन्धनका केन्द्रीय नेताहरूले कोशीमा कांग्रेसको सरकार गठन गर्ने सहमति गरेमा थापा गठबन्धनबाट मुख्यमन्त्रीको दाबेदार हुनेछन् । यदि, माओवादीबाट सरकारको नेतृत्व हुने अवस्थामा आङ्बो मुख्यमन्त्री हुनेछन् ।

गठबन्धनका केन्द्रीय नेताहरूले आजै बिहान कोशी प्रदेश सरकारको नेतृत्व कुन पार्टीले लिने भन्ने टुंगो लगाउने तयारी गरिरहेका छन् । स्रोतका अनुसार गठबन्धनको चार दलमध्ये माओवादीले कोशीमा सरकारको नेतृत्व लिँदै छ । किनभने, बागमतीमा माओवादीबाट चाँडै कांग्रेसले प्रदेश सरकारको नेतृत्व लिन चाहेको स्रोत बताउँछ ।

'कोशीमा कांग्रेस गठबन्धनको ठूलो दल हो । स्वाभाविकरूपमा त्यहाँ कांग्रेसको दाबी रहन्छ तर बागमतीमा माओवादीबाट प्रदेश सरकारको नेतृत्व निकट भविष्यमै लिन खोजिरहेका छौं,' एक जना कांग्रेस पदाधिकारीले भने, 'त्यही भएर अहिले कोशी माओवादीको भागमा पर्ने सम्भावना बढी छ ।'

अघिल्लो साता कोशी प्रदेशका गठबन्धन दलहरूका नेताहरू संघीय राजधानी काठमाडौंमा आएका थिए । यतै उनीहरूको बैठक पनि चल्यो । आ-आफ्ना दलका नेताहरूसँग भेटघाट गरेर उनीहरू फर्किए ।

उनीहरूलाई गठबन्धनका केन्द्रीय नेताहरूले के आश्वासन दिए ? खुलेको छैन । तर, उनीहरू कोशीमा गठन हुन लागेको सरकारमा नेतृत्वबारे केन्द्रीय नेताहरूको निर्णयको पर्खाइमा छन् ।

अघिल्लो संसद्को अन्त्यतिर प्रदेशमा हाल कायम गठबन्धन दलहरूमध्ये एकीकृत समाजवादीबाट सांसद राजेन्द्रकुमार राई मुख्यमन्त्री भएका थिए । यसपटक भने उनले मुख्यमन्त्री हुने चाहना गरेका छैनन् । उनले गठबन्धनका अन्य दलका उम्मेदवारलाई नै मुख्यमन्त्रीमा सहयोग गर्ने बताएका छन् । राईभन्दा अघि त्यहाँ एमालेका शेरधन राई र भीम आचार्य मुख्यमन्त्री भएका थिए ।

## देउवाकै...

पृष्ठ १ बाट जारी

अभियान सञ्चालन गरेको थियो । सातै प्रदेशमा पुगेका रूपान्तरण अभियानमा देउवाको शैलीसँगमात्र हैन महामन्त्रीद्वयको शैलीमाथि पनि नेता कार्यकर्ता असन्तुष्ट सुनिएका थिए । 'जिम्मेवार पदमा भएका उनीहरूले हस्तक्षेपकारी भूमिमा निर्वाह गर्न सकिरहेका छैनन् । सभापतिले काम गर्न नदिएको भन्दै पार्टीमा विद्रोह गर्नेसम्मको चेतावनी उनीहरूले दिइरहेका छन् । यो अभियानमा सभापतिदेखि पार्टीका जिम्मेवार युवा महामन्त्रीसम्म पनि कार्यकर्तामा आक्रोश देखिएको छ,' अभियानमा सहभागी एक नेताले दाबी गरे ।

### "टिकट भरौटेलाईमात्रै"

कांग्रेसका सहमहामन्त्री किशोरसिंह राठौरले दुई महामन्त्रीहरू आफू काम नगर्ने तर देउवाको विरोधमा भने खरै उत्रने बताए । देउवालाई विश्वासमा लिई पार्टीका कामहरू गर्नुपर्ने महामन्त्रीद्वय उल्टो बाटो हिँडेको राठौरको भनाइ छ । 'दुई जना महामन्त्रीहरूले सभापतिलाई कन्फिडेन्समा लिएर काम गर्नुपर्नेमा चोकचोकमा बसेर विरोध गर्दै हिँड्ने काममात्रै गरे,' नेपाल विद्यार्थी संघ जिल्ला कार्यसमिति दोलखाले शनिबार आयोजना गरेको विचार गोष्ठीमा राठौरले भने । महामन्त्रीद्वयले बाहिर पार्टी नेतृत्वको विरोध गरेपनि केन्द्रीय समिति बैठकमा कुरा राख्न नसकेको दाबी गरे । नेतृत्वको आलोचना गर्नेले पार्टी बनाउन सक्नुपर्ने नेता राठौरको भनाइ थियो ।

पछिल्लोपटक महामन्त्री गगन र विश्वप्रकाश एकै ठाउँमा उभिन्छन् । संसदीय दलको निर्वाचनमा विश्वप्रकाशले गगनलाई साथ दिएका थिए । सिटौला टिमबाट देउवाको साथ पाएर महामन्त्री लडेका युवा नेता प्रदीप पौडेलको पनि गगनलाई साथ थियो । पछिल्लोपटक गगनको कार्यशैलीप्रति प्रदीपसमेत असन्तुष्ट सुनिन्छन् । यतिमात्र हैन गगनमाथि दोलखाका पुराना नेता ताराबहादुर कोइरालालेसमेत प्रश्न उठाएका छन् ।

शनिबार नेपाली कांग्रेस दोलखा-काठमाडौं सम्पर्क समितिको प्रथम काठमाडौं सम्मेलनलाई सम्बोधन गर्दै नेता कोइरालाले प्रश्न गरे, 'गगनजीको पुस्ताले कहिले रूपान्तरणको नारा दिनुहुन्छ कहिले, कहिले केको नारा दिनुहुन्छ, हामी विश्वास गर्छौं । तर, नारा र लेखेरमात्रै पार्टीभित्रको सुधार हुँदैन । शेरबहादुर प्रवृत्तिको अन्त्य हुँदैन ।' पार्टीमा गुटगत राजनीति गर्न गगन समूह पनि पछि नरहेको उल्लेख गर्दै कोइरालाले देउवा र गगनमा केही फरक नरहेको आरोप लगाए ।

'शेरबहादुरले गुटबन्दी गर्‍यो भने पैसाको आधारमा राजनीति गर्‍यो भने तपाईंहरूले भन्नुपर्छ गुट गर्दिनँ,' कोइरालाले भने, 'तस्कर माफियासँग सम्बन्ध राख्दिनँ भन्नुपर्छ । श्रीमान् गगन थापाज्यू, तपाईं र शेरबहादुरमा हामीले फरक कसरी देख्ने ?'

गगनले पनि देउवाकै शैलीमा आफ्नो मान्छेलाई टिकट दिने गरेको उनको तर्क रह्यो । 'तपाईंलाई महाधिवेशनमा आफ्ना नजिकका मान्छे केन्द्रीय सदस्य चाहिने, टिकट तपाईंका भरौटेहरूलाई चाहिने, अनि शेरबहादुरलाई पनि त्यही चाहिने, गगन र शेरबहादुरमा हामीले फरक कसरी देख्ने ?,' कोइरालाले थप प्रश्न गरे ।

कोइरालाले अनुहार फेर्दैमा पार्टीमा रूपान्तरण नहुने धारणासमेत राखे । यसका लागि प्रवृत्ति फेरिनुपर्ने उनको मत थियो । 'रूपान्तरण अनुहारले हुँदैन । खस्रो अनुहारको ठाउँमा चिल्लो अनुहार आउनुमात्र रूपान्तरण हैन हुँदैन । रूपान्तरण त विचारमा हुनुपर्छ । कार्यशैलीमा हुनुपर्छ । प्रवृत्तिमा हुनुपर्छ । पार्टी बनाउने योजनामा रूपान्तरण हुनुपर्छ,' उनले भने ।

यसो त गगन विश्व दुवैजना अर्को महाविधेशनमा नेतृत्व दाबीका लागि हरेक विभागमा आफ्नो मान्छे भर्ती गर्ने अभियानमै छन् । केन्द्रीय सदस्यदेखि चुनावी टिकटमासमेत आफ्नो भाग खोज्न थालेका छन् । पार्टीमा शक्ति आर्जन गर्न यो आवश्यक पनि देखिन्छ तर, विधानत पार्टीले दिएको जिम्मेवारीमासमेत दुई महामन्त्री चुकेको पार्टीका नेता कार्यकर्ताको आरोप छ ।

कांग्रेस बदल्ने संकल्प लिएका महामन्त्री गगन भने सबै बदलिन आवश्यक रहेको बताउँछन् । दोलखा कांग्रेसकै कार्यक्रममा गगनले आफू दाग लागेको महामन्त्री भएर बस्नुभन्दा कार्यकर्ता भएर बस्नु बेस हुने बताए । 'कांग्रेस बदलियो भने बदलिएको कांग्रेसले देश बदल्छ हेर्नुस् । यो देश बदल्नैपर्छ । बदलिएको कांग्रेसले मात्रै यो काम गर्न सक्छ,' महामन्त्री थापाले भने, 'तर, कांग्रेस बदल्न हामी प्रत्येक बदलिन तयार हुनुपर्छ । म बदलिन तयार छु । म बदलिन तयार छ भनेको मैले पटक-पटक भनेको छु- दाग लागेको कांग्रेसको महामन्त्री हुनुभन्दा सफा कांग्रेसको कार्यकर्तामात्रै भएर बस्दा बडो मजा आउँछ । त्यो बदलिन म तयार हो ।'

## प्रदेश नामले...

पृष्ठ १ बाट जारी

नाम टुंगो लगाउन प्रदेश संसद्मा दुई तिहाइ अर्थात् ६२ जना सांसद चाहिन्छ । गठबन्धन दलहरूको पुग्दैन ।

फेरि, गठबन्धनका सबै दल आन्दोलनरत पहिचान पक्षधरहरूको मागअनुसार नाम फेर्नेबारे सकारात्मक छन् । यति हुँदाहुँदै पनि बहुमत अभावले नाम फेर्ने स्थिति देखिँदैन । पहिचान पक्षधरहरूले भने जसरी पनि प्रदेश नाम फेर्न गठबन्धनले पहलकदमी लिनुपर्नेमा जोड दिइरहेका छन् । पहिचानवादी एक जना नेता प्रेम एक्तेन भन्छन्, 'पहिचानविरोधी दल एमाले सत्ताच्युत भयो । अब आशा भनेको गठबन्धनसँग हो । होइन भने हामी यी दलहरू लक्षित विरोधका कार्यक्रम पनि गर्छौं ।'

जसपा सांसद निर्मला लिम्बू पनि गठबन्धन दलहरू प्रदेश नाम फेर्न र त्यसका लागि पहलकदमी लिन प्रतिबद्ध हुनुपर्ने बताउँछिन् । नभए आफ्नो समर्थन गठबन्धनका अन्य दलहरूलाई सरकार गठनमा नहुने उनको भनाइ छ ।

'मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत लिन आह्वान गरिएको बैठकमा म गइनँ । नजानुको कारण विज्ञप्तिमार्फत भनेकी छु कि कार्की नेतृत्वको सरकार प्रदेश नाम फेर्नेबारे निकै कठोर भयो । अब बन्ने गठबन्धन सरकार पनि त्यस्तै भयो भने त समर्थन गर्दिनँ,' सांसद लिम्बूले भनिन् ।

प्रदेशमा नामकै विषयलाई लिएर चर्किएको आन्दोलनका क्रममा लाजेहाङ भनिने पदम लिम्बूले ज्यान गुमाए । केही नेता कार्यकर्ता घाइते भए । लगातार पहिचान पक्षधरहरू आन्दोलित छन् । उनीहरू पछिल्लो समय सशस्त्र दस्ता नै तयारीमा जुटेका भिडियोहरू नै सार्वजनिक भइरहेको छ । यसरी प्रदेश नामकै विषयलाई लिएर द्वन्द्वमा फस्न लाग्दा चार दलमाथि नामलाई सम्बोधन गर्नुपर्ने दबाब बढ्दो छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

असार १७ गते २०८०, आइतबार

| | |
|---|---|
| **मेष** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **वृष** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **मिथुन** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **कर्कट** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **सिंह** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **कन्या** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **तुला** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **वृश्चिक** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **धनु** | स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ |
| **मकर** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **कुम्भ** | परोपकारमा रुचि बढ्नेछ । |
| **मीन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १७ गते, २०८०, २ जुलाई, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिंगेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**पुल बगाएपछिको पीडा** | पाँचथरको हेवा खोलामा असार २ गते राति आएको बाढी र पहिरोले पुल बगाएपछि तुइनमा गोलभेँडा राखेर वारपार गर्दै कृषक ।

*तस्बिरः हरिराम भेटुवाल/रासस*

## सरकारको पहिलो सर्त :

# भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन

**छेन्दु (चीन)**– उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले वर्तमान सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रण र सुशासन प्रवर्द्धनलाई पहिलो सर्त बनाएर काम थालेको बताएका छन् ।

जनवादी चीनको भ्रमणमा रहेका उनले छेन्दुस्थित नेपाली महावाणिज्य दूतावासमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै वर्तमान सरकारले सुशासनलाई कडाइपूर्वक अगाडि बढाउन खोजेको बताए ।

'कुशासन नेपालको विकासको समस्या हो, अहिलेको सरकारले भ्रष्टाचारको प्रभावकारी नियन्त्रणसहित सुशासनको स्थापित गर्नेलाई पहिलो सर्त बनाएर काम थालेको छ । पूर्वउपप्रधनमन्त्री, पूर्वगृहमन्त्री, निर्वाचनका आयोगका सदस्य, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अध्यक्ष, विभिन्न उच्च तहका पदाधिकारी भ्रष्टाचार गर्ने अपराधमा नियन्त्रणमा लिनु परेको छ,' उनले भने ।

कमिसन र भ्रष्टाचारको जालोले देशलाई जर्जर बनाएको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले अनियमितता गर्ने व्यक्तिमाथिको कारबाही प्रक्रिया कुनै पनि हालतमा नरोकिने दृढता व्यक्त गरे । 'जोसुकै होस् यो प्रक्रिया कुनै पनि हालतमा रोकिँदैन,' उनले भने, 'अहिले कुनै पार्टीसँग जोडिएका व्यक्ति परेका होलान्, कोही अर्को पार्टीसँग जोडिएका होलान्, अब आउँदा दिनमा अर्को कुनै पार्टीसँग जोडिएको हुन सक्छन्, हामीलाई त्यसको कुनै मतलब छैन, जो भए पनि कारबाही हुन्छ ।'

मुलुक र जनतालाई ठगी गर्ने, धोका दिने, अपराध गर्नेलाई वर्तमान सरकारले कुनै पनि हालतमा नछाड्ने विश्वास दिलाउँदै उनले अपराध गर्नेलाई कानुनको दायरमा ल्याइछाड्ने प्रतिबद्धता व्यक्त गरे । 'अपराध कसले गरेको छ, त्यसलाई कानुनको दायरामा ल्याइ छाड्छौं, देशमा सुशासन स्थापित गरी छाड्छौं । यो हाम्रो संकल्प हो,' उपप्रधानमन्त्री श्रेष्ठले भने, 'त्यसले विकास र प्रगतिका निम्ति नयाँ आधार तयार पार्छ । देशमा एउटा आशा पैदा हुन्छ ।'

मुलुकलाई सुशासनको मार्गमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दै उनले विभिन्न कारणबाट विदेशिएका नेपालीलाई स्वदेश फर्काउने वातावरण निर्माण गरिने बताए । विकास र समृद्धिको लक्ष्य पूरा गर्नका निम्ति आफ्नै बलबुतामा काम गर्नुपर्ने उनको भनाइ थियो । उनले समृद्धिका विदेशी मित्रको सहयोगको अपेक्षा गरेको बताए ।




आफूले चीन भ्रमणका क्रममा भएका द्विपक्षीय भेटवार्तामा नेपालको समृद्धिका बारेमा छलफल गरेको जानकारी दिँदै उपप्रधानमन्त्री श्रेष्ठले भने, 'हाम्रै बुद्धि, विवेक र श्रम पसिना लगाएर विकासको यात्रालाई अगाडि बढाउनुपर्नेमा हाम्रो मात्रै साधन स्रोतले विकासका कुरालाई तीव्र पारेर लक्ष्यमा पुग्न सम्भव छैन । त्यसैले वैदेशिक सहयोगका निम्ति पनि अनुरोध गरिरहेका छौं ।'

राजनीतिक परिवर्तनसँगै जनताको जीवनस्तर पनि परिवर्तन हुनुपर्नेमा त्यसो हुन नसकेको उनले स्वीकार गरे । उनले जनताको जीनवस्तर बदल्ने गरी मुलुकलाई समृद्ध बनाउनुपर्ने अहिलेको आवश्यकता रहेको बताए ।

'राजनीतिक परिवर्तनमात्रै दिएको होइन, हाम्रो पोल्टामा हामीले नै भोग्न पाउने गरी यति चिज दियो भनेर नेपाली जनताले अनुभूति गर्न पाउनुपर्‍यो,' उनले भने, 'शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यान्न, आवास, सडक, खानेपानी, विद्युत्का आवश्यकताहरू पूरा गरेर राजनीतिक परिवर्तनले खाली राजनीतिक अधिकार मात्र दिएको हैन हाम्रो जीवनस्तर नै बदलियो भन्ने स्थानमा जनतालाई पुर्‍याउनुपर्छ ।'

वर्तमान सरकार मुख्य चारवटा कार्यभार पूरा गर्न लागिपरेको उल्लेख गर्दै उनले सार्वभौमिकताको रक्षा, राष्ट्रिय सुरक्षालाई सुदृढ, परिवर्तनको रक्षा र शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए । 'सामाजिक आर्थिक रूपान्तरणको कार्यभारलाई हर हालतमा पूरा गर्नुपर्नेछ । विकास र समृद्धि, त्यसलाई गुणात्मक फड्को पुर्‍याउने गरी सम्पूर्ण ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुछ । त्यो दिशामा सरकार लाग्छ,' उनले भने । सबै राजनीतिक पार्टीलाई आ-आफ्नो मतभिन्नता एक ठाउँमा राखेर राष्ट्रियता, राष्ट्रिय सुरक्षा र समृद्धिको मुद्दामा एकताबद्ध हुनुपर्छ भनेर सहमति र सहकार्यका निम्ति अपिल गरिरहेको उनले बताए ।

महावाणिज्यदूत दिनेशकुमार घिमिरेले महावाणिज्य दूतावासले लगानी, पर्यटन, व्यापार तथा निर्यात प्रवर्द्धन एवं कन्सुलर सेवालगायत नेपाल र नेपाली जनताको सर्वोत्तम हितका कार्य गर्दै आएको बताए । उनले महावाणिज्य दूतावासको कार्यक्षेत्र सिचुवान र कुइचो प्रान्त तथा छोङछिङ महानगरमा रहेको जानकारी दिए ।

सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले अध्ययन तथा विभिन्न पेसा व्यवसायका सिलसिलामा छेन्दुमा रहेका नेपालीसँग अन्तरक्रिया गरेका थिए । दूतावासले उपप्रधानमन्त्रीको सम्मानमा रात्रिभोजको आयोजना गरेको थियो । दूतावास पुग्दा उपप्रधानमन्त्री श्रेष्ठलाई महावाणिज्यदूत घिमिरे र वाणिज्यजूत मनहरि दंगालले स्वागत गरेका थिए । समारोहमा छेन्दुमा रहेका नेपाली व्यवसायी तथा विद्यार्थीको बाक्लो उपस्थिति रहेको थियो । *रासस*

# 'हाम्रो सोच र कार्यशैली बदलिए मात्र संघीयता बलियो हुन्छ'

■ **प्रभाव संवाददाता**



**काठमाडौं**– प्रधानमन्त्री पुष्पकमल दाहालले संघीयतालाई बलियो बनाउन तीन तहकै सरकारबाट सार्थक प्रयास हुनुपर्ने बताएका छन् । यसका लागि तीनै तहका सरकारले आफ्नो सोच र कार्यशैली बदल्न जरुरी भएको भनाइ छ ।

'संघीयताको मर्म र यसको दीर्घकालीन महत्त्व हामीले बुझेनौं भने यसको फाइदा संघीयताका विरोधीहरूले लिनेछन् । हामीले जति छिटो र राम्रो कार्यसम्पादन गर्छौं, जनताले त्यति नै मात्रामा संघीयताबाट लाभ लिन सक्छन्,' कास्कीको पोखरामा शनिबार आयोजित राष्ट्रिय समन्वय परिषद्को प्रथम बैठकमा उनले भने, 'संघीयता कार्यान्वयनका लागि ऐनहरू बनेका छन्, तर ती पूर्ण छैनन् । समन्वयको प्रभावकारिता पनि जरूरी छ । हाम्रो जोड त्यता हुन जरूरी छ ।'

लामो संघर्ष र पहलपछि देश संघीय गणतन्त्रमा आएको उल्लेख गर्दै प्रधानमन्त्रीले यो कुनै भावावेशमा गरिएको निर्णय नभएको तथा सुविचारित निष्कर्षका कारण नै हामी अहिले हामी संघीय प्रणालीमा रहेको बताए । उनले यसको व्यवस्थापन र प्रभावकारी कार्यान्वयन पनि हाम्रै भएकाले यसमा चुक्न नहुने धारणा राखे ।

'कतिपय शक्तिहरू यस (संघीय गणतन्त्र) लाई ढलाउन सकिन्छ कि भनेर लागिरहेका छन् । पुरातनपन्थी र हावाहुरीबाट आएका शक्तिहरू पनि यसलाई कमजोर पार्न लागिरहेका छन्,' प्रधानमन्त्री दाहालले भने, 'त्यसैले लोकतान्त्रिक शक्तिहरूले नै यसको पहल र स्वामित्व लिनुपर्छ । नेपालको भूराजनीतिक संवेदनशीलताका कारण पनि व्यवस्था बलियो बनाउन हामीहरू नै लाग्नुपर्छ ।'

राष्ट्रको स्वाधीनता र समृद्धिको नेतृत्व अरूले गर्न नसक्ने भएकाले लोकतन्त्रभित्र देखिएका समस्या समाधानको हैसियत लोकतान्त्रिक शक्ति र दलले नै सक्ने र यो जिम्मेवारीलाई सत्तापक्ष, प्रतिपक्ष सबैले ठीक ढंगले लिन जरूरी रहेको बताए ।

प्रधानमन्त्रीले भने, 'नीति, कार्यक्रम र बजेटको परम्परा अर्को वर्ष ब्रेक गर्छौं । अहिले हामीले नीति, कार्यक्रम र बजेटमा जुन मोडल र प्रक्रिया अवलम्बन गरेका छौं, त्यसले समाधान दिँदैन । त्यसैले हामी यसलाई बदल्छौं । जनप्रतिनिधि र सरोकारवाला सबैको अन्तर्क्रियाबाट सबैको अपनत्व हुनेगरी नीति, कार्यक्रम र बजेट बनाउँछौं ।'

संघीयताविरोधी शक्तिलाई व्यवहारबाट जवाफ दिन जरूरी रहेको र त्यसका लागि सोच र कार्यशैली बदल्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ । उनले भने, 'हामी बदलिएपछि मात्रै लोकतान्त्रिक प्रणाली बलियो हुन्छ । सबै तहका सरकारहरू त्यसरी लागौं । फिल्डका समस्या राम्रोसँग आएका छन्, यसले हामीलाई राम्रो फिडब्याक दिएको छ । यसमा टेकेर अघि बढौं ।'

उक्त बैठकमा अर्थमन्त्री डा. प्रकाशशरण महत, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरूङ, विपक्षी दलको तर्फबाट पूर्वमन्त्री विष्णु पौडेल, प्रदेशका मुख्यमन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ, राष्ट्रिय सुरक्षा सल्लाहकार शंकरदास बैरागी, नेपाल सरकारका मुख्यसचिव डा. वैकुण्ठ अर्याल, नेपाल सरकारका सचिवहरू, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ र गाउँपालिका महासंघका प्रमुखलगायत उपस्थित थिए । बैठकले संघीयताको प्रभावकारी कार्यान्वयनसम्बन्धी विविध प्रस्तावमाथि गहन छलफल गरी आवश्यक निर्णय गरेको जानकारी दिइएको छ ।

# व्यासका अभिभावकविहीन बालबालिकालाई निःशुल्क शिक्षा

**तनहुँ (प्रस)**– व्यास नगरपालिका-७ शेषमटारमा समता विद्यालय स्थापना गरी अभिभावकविहीन ४५ बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्दै आएको छ । खान र बस्नसहितको शिक्षाका लागि नगरपालिकाले अभिभावकत्व ग्रहण गर्दै साहाराविहीन बालबालिकालाई साहारा दिएको हो । शिक्षाको उज्यालो घामबाट कुनै पनि बालबालिका वञ्चित हुन नपरोस् भनी नगरपालिकाले उक्त विद्यालय स्थापना गरी आवाससहितको शिक्षा प्रदान गरेको हो ।

नगरपालिकाले बस्ने, खाने, पढ्ने र सुत्नेसहितको सुविधा प्रदान गरेपछि बालबालिका खुसी छन् । बालबालिकालाई चाहिने कापी कमल, पोसाक, झोला, खाने तथा बस्ने सबै नगरपालिकाले व्यवस्था गरेको छ । विद्यार्थी अभावले गर्दा क्यामिन छापथोक प्राथमिक विद्यालय बन्द भएपछि नगरपालिकाले ४० लाख रूपैयाँ खर्चेर विद्यालयको मर्मतसम्भार गरी २०७९ भदौ ५ गतेदेखि व्यास नगर समता विद्यालय सञ्चालनमा ल्याएको हो ।

साहाराविहीन भएका कतिपय बालबालिका सडकमा भौतारिएर हिँड्ने गरेकाले पढ्ने, लेख्ने अधिकारबाट वञ्चित हुने तथा कुपोषण हुने गरेकाले व्यास नगर समता विद्यालय सञ्चालनमा ल्याइएको नगरपालिकाले जनाएको छ । कक्षा १ देखि ६ सम्म पढाइ भइरहेको विद्यालयका प्रधानाध्यापक अर्जुन सुनारले जानकारी दिए ।

हाल सो विद्यालयमा शिक्षक र कर्मचारी गरी १० जना छन् भने सबै कक्षामा अंग्रेजी माध्यमबाट पठनपाठन हुने तथा हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप गर्ने गरिएको छ । नगरपालिकाले अभिभावकविहीन बालबालिकाको संरक्षकत्व गरेकामा स्थानीय बासिन्दा खुसी भएका छन् । यस उदाहरणीय कार्यको अन्य पालिकालेसमेत सिको गर्नुपर्ने आवश्यक देखिएको छ ।

विद्यालय सञ्चालनमा आएपछि अनाथ, असहाय, विपन्न, सहिद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घरपरिवारका बालबालिकाले अध्ययन गर्न पाएका छन् । कक्षा ३ मा पढ्दै आएका साजन नेपालीले विद्यालयको मैत्रीपूर्ण वातावरणमा पठनपाठन हुँदा सिक्न र पढ्न सहज भएको बताए ।

उक्त विद्यालयको भौतिक संरचना र शैक्षिक क्षेत्रको विकासका लागि नगरपालिकाले गत वर्ष एक करोड रूपैयाँ विनियोजन गरेको नगरपालिकाले जनाएको छ । विद्यालयको भवन, कम्पाउण्ड, गार्ड र केही शिक्षकको व्यवस्थापनका लागि उक्त लगानी गरिएको हो । वडा नं ७ का बाबुआमा नभएका भक्त दरै र बहिनी गायत्री दरै पढ्न पाएकामा निकै खुसी छन् ।

अध्ययनबाट वञ्चित हुनुपरेका अभिभावकविहीन बालबालिकाले लगनशील भएर अध्ययन गरेको देख्दा खुसी लागेको व्यास-१० का वडाध्यक्ष खेमराज पोखरेलले बताए । उक्त विद्यालयमा पढाउने समय तालिका छ, त्योभन्दाबाहेक उनीहरूलाई अनुशासित र लगनशील बनाउन गरिने क्रियाकलाप प्रभावकारी छ । खाजा खान र बस्ने सुत्ने व्यवस्था पनि व्यवस्थित बनाइएको छ ।

व्यास-९ स्थित बसाहस्थान माध्यमिक विद्यालयमा कक्षा ६, ७, ८, ९ र १० मा आवासीय विद्यार्थी भर्ना गरी समता विद्यालय सञ्चालन गर्न अनुमति दिने निर्णय गरिएको नगरप्रमुख वैकुण्ठ न्यौपानेले बताए । हाल कक्षा ६ सम्म सञ्चालनमा ल्याइएको र क्रमशः कक्षा थप गर्दै लैजाने योजनाअनुरूप नगरपालिका अघि बढेको उनले जानकारी दिए । पढ्ने अवसरबाट वञ्चित भएका असहाय बालबालिकालाई नगरपालिकाले ज्ञान आर्जन गर्ने थलो बनाएपछि समता विद्यालय नमूना विद्यालय बन्दै गएको नगरप्रमुख न्यौपानेले जानकारी दिए ।

# सर्पबाट बच्न मन्त्रालयको आग्रह

**काठमाडौं (प्रस)**– स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्मी र बर्खायाम बढेसँगै तराईमा सर्पदंशबाट बच्न आग्रह गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा. समिरकुमार अधिकारीले तराई क्षेत्रमा अहिलेको मौसममा सर्प देखिने भएकाले विषालु सर्पबाट जोगिन आग्रह गरेका छन् ।

राति हिँड्नुपरे टर्च लाइट लिएर हिँड्ने, जुत्ता वा गमबुट लगाउने, खुट्टा राम्ररी छोप्ने बाक्लो पाइन्ट लगाउने, घर वरपरको घाँस झारपात काटेर सफा राख्ने एवं जमिनका दुला टाल्ने गर्नुपर्दछ । यस्तै पराल, दाउरा आदि लिन जाँदा होसियारी अपनाउने, सुत्नुअघि ओछ्यान, खाटमुनि र वरपर राम्ररी हेर्ने, सधैं झुल टाँगेर सुत्ने गर्न पनि आग्रह गरिएको छ ।

सर्पले टोकीहाले के गर्ने ?

सर्पले डसेको ठाउँलाई चल्न नदिई स्थिर राख्ने, सर्पले टोकेको ठाउँमा काट्ने, चुस्ने बाँध्ने नगर्ने तथा मल्हम, टोकेको ठाउँमा रासायनिक पदार्थ तातो-चिसो प्रयोग नगर्ने र बिरामीको आत्मविश्वास कायम राख्ने गर्नुपर्दछ ।

यस्तै धामी-झाँक्रीतिर नलाग्ने, विष सोस्ने कुराको पछि नलाग्ने, सम्भव भएसम्म डस्ने सर्पको पहिचान गर्ने तर नमार्ने, जतिसक्दो चाँडो अस्पताल वा सर्प उपचार केन्द्रमा बिरामीलाई पुर्‍याउनुपर्दछ

# दलितलाई घरबाट निकाल्ने घरबेटी पक्राउ

**तुलसीपुर (प्रस)**– दाङमा एक घरबेटीले दलित भएको भन्दै भाडाबाट निकालेपछि ती घरबेटीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी नायब उपरीक्षक राजन गौतमका अनुसार घरबेटी घोराही उपमहानगरपालिका-१७ दाङका ताराप्रसाद पोखरेललाई शनिबार पक्राउ गरी अनुसन्धान थालिएको छ ।

पोखरेलको घरमा बसिरहेका पञ्चल देवल नपा-७ पुल्तोला अछाम हाल घोराही-१७ मा बस्दै आएका महेन्द्र विक र अदानचुली गापा-३ हुम्लाका अंगराज नेपालीलाई घर निकाला गरेको प्रहरीले जनाएको छ । 'तिमीहरू कामी रहेछौं, घर बनाएदेखि दलितलाई छिर्न दिएको छैन । तिमीहरू घरमा आएदेखि म बिरामी छु भन्दै घरबाट निकालिदिए,' पीडित महेन्द्र विककी श्रीमती शान्ति विकले भने ।

सोही घरमा परियारसँग तीन जना एउटा कोठामा बस्थे भने महेन्द्रको परिवार अर्को कोठामा बस्थे । शुक्रबार साँझ नै घरबेटीले त्यस्तो व्यवहार गरेको प्रहरीले बताएको छ । प्रहरीले जातीय छुवाछूतअन्तर्गत मुद्दा दर्ता गरी कारबाही गर्ने तयारी गरेको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# नेतृत्वका लागि किचलो नगर

बहुमत जुटाउन नसकेपछि एक थान सरकार ढल्छ । यो लोकतान्त्रिक अभ्यास हो । तर, कोशी प्रदेशमा मुख्यमन्त्री हिक्मतबहादुर कार्की बहुमत गुम्दा पनि आफ्नो कुर्सी जोगाउन मरिहत्ते कसरतमा छन् । संविधानतः कार्कीले फेरि मुख्यमन्त्रीमा दाबी गर्न पाउँछन् तर उनको सत्ता जोगिने संकेत भने छैन । यस्तो अवस्थामा कार्कीले आफू गरेका कामको जस पनि गुमाउने देखिन्छ ।

एमाले नेता कार्कीको नेतृत्वमा यो प्रदेशले नाम पायो । सात प्रदेशको नामकरणमा अन्तिम प्रदेश यही बन्यो । देश संघीयतामा गएपछि भएको पहिलो निर्वाचनले प्रदेशसभा बन्यो । पहिलो प्रदेशसभाले सबै प्रदेशको नाम पाउँदा पूर्वमा रहेको प्रदेशको नाम उही रह्यो– प्रदेश १ । कुनै बेला नेकपा एमाले र माओवादी केन्द्र मिलेर नेकपा बनेको पार्टीले त्यहाँ नाम राख्न सकेन । कारण नेकपा तीन टुक्रा भयो । शेरधन राईको नेतृत्वले मात्र हैन राजेन्द्र राई नेतृत्वले पनि प्रदेशका नामकरण गर्न सकेन । यही नसकेको काम फत्ते गरे कार्कीले ।

प्रदेशको नाममा विवाद जारी रहे पनि आँट गरेकोमा कार्कीको प्रशंसा छ नै । कोशीमा एमाले ४० सिटसहित पहिलो पार्टी हो । यही आधारमा कार्कीले फेरि मुख्यमन्त्रीमा दाबी गर्ने हो । तर, अंकगणित उनको पक्षमा छैन । राष्ट्रिय प्रजातन्त्र पार्टीको छ सिट जोड्दा कार्कीले पाउने ४६ मत हो । जबकि, मुख्यमन्त्री बन्न ४७ मत आवश्यक छ । केन्द्रीय सत्ता गठबन्धनसँग पनि ४६ नै मत छ । ४७ पु¥याउन सभामुखले नै निर्णय गर्नुपर्ने देखिन्छ । अब कोशीमा नयाँ सरकार बन्ने भनेको नेपालको संविधानको धारा १६८ को उपधारा २ अनुसार हो । कार्की आफैं पनि १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्री बनेका थिए । तर, उनको सरकारबाट माओवादी र जसपाले समर्थन फिर्ता लिएसँगै विश्वासमा जाँचिनुपर्‍यो । गठबन्धनमै कांग्रेस र माओवादी पनि मुख्यमन्त्री कसले लिने भन्ने विषयमा विभाजित छ । अस्थिर सरकारकै कारण प्रदेश खारेजीको माग गर्नेहरूलाई बल पुगिरहेको छ । यदि गठबन्धनले प्रदेशको हित र जनचाहनालाई सम्बोधन गर्ने हो भने अबको सरकारलाई स्थिर बनाउनेतर्फ ध्यान दिन जरुरी छ । सरकारको नेतृत्व जोसुकैले लिए पनि प्रदेशको समृद्धि र संघीयतालाई बलियो बनाउन जिम्मेवार बन्नुपर्ने आवश्यकता छ । यसतर्फ दलहरूको ध्यान पुगोस् ।

## मनन्योग्य

### चाणक्य नीति

यतिखेरै सैनिक कवच धारण गरी गुप्तचरले प्रवेश गरे । श्रद्धा एवम् विश्वासले अभिवादन गरे । चाणस्यले 'जय' को आशीर्वाद दिदै रणनीतिसम्बन्धी गूढ° परामर्श पनि उनलाई तत्काल दिए ।

सँगसँगै चन्द्रगुप्त र चाणक्य महलबाट बाहिरिदै सैनिक छाउनीसम्म आए र चन्द्रगुप्तने चाणक्यको चरण स्पर्श गरी आफ्नो प्यारो सेतो घोडामा चढी युद्धको शंखनाद गरे हजारो घोडचढी, लाखों पैदल सैनिक, सबकडी ज्ञ हाती अत्यन्तै डरलाग्दो आँधीबेहरी उत्पन्न गर्दै युद्धभूमितर्फ लागे उता व्याँसपारि मगधको सीमादेखि टाढा डरलाग्दो समूहमा ।

जुनेली रातमा राक्षस र कैकेय, पञ्चनद राजा पुरु गोप्य सल्लाहमा तल्लीन थिए । चारैतिर सैनिक हातमा नांगो तरवार, भाला लिई सतर्क दृष्टिले यताउति घुमिरहेथे चाणक्यका गुप्तचरले यसको झनक थाहा नपाऊन् भनेर ।

आफ्नो कपाल कन्याउँदै राक्षसले पुरुसँग भने- 'महाराज तपाईं विश्वास राख्नोस् यो एक ब्राह्मणको वचन हो । तपाईं बुझ्नुहुन्छ, राक्षस कहिल्यै झूठो बोल्दैन । राक्षसले चाणक्यको जस्तो धोका दिन सक्तैन, मगधविजयपछि कुमार मलय ने मगधको सम्राट हुन्छन् । यो पक्का बुझ्नुहोस् ।'

'मलाई तपाईंको कुरामा विश्वास छ, तर सोच्छु कतै पाणस्यलाई यो भेदबारे जानकारी नहोस् ती ब्राह्मण कुनचाहिँ विद्या जान्दछन् हार्ने काम उनीसम्म आइनै पुग्दैन जलातिर उनको दृष्टि पर्छ त्यसको निश्चित सर्वनाश हुन्छ भन्ने मान्छ पुरुसे अनिश्चयस्तो स्थितिमा भने ।

राक्षसले फेरि सान्त्वना दिदै लागे 'मानिसले लक्ष्य प्राप्त गर्न कर्म गर्दछ फल ईश्वरको अधीनमा हुन्छ । उर्लदो भेल आए पनि नदीमा नाउ (ग) चलन हुने डरले पानीमा पौडिन कोही छोड्दैन । जो हारेर चुप लागी वस्तु जितने उसलाई हेरेर होस म द चाणक्यले पाइला पाइलामा मलाई परास्त गरे, तर म फेरि अघिल्लो कामका लागि तयार हुन्छ । अब मेरो लक्ष्य बाली मालिकको हत्याको बदला लिनु छ, त्यो पनि चाणक्यलाई हराएर अब निर्णय हजुरको हातमा छ, चाहे यो प्रस्ताव स्वीकार गर्नोस् वा नगर्नोस् ।' क्रमशः

# बत्तीमुनिको अँध्यारोमा बागलुङको पर्यटन

खेमराज गौतम

नेपालमा भित्रिने विदेशी पर्यटकमध्ये ४० प्रतिशत गण्डकी प्रदेशको राजधानी पोखरा पुग्ने गरेको तथ्यांक छ । पर्यटनको राजधानी मानिने पोखराबाट बागलुङ बजार त्यस्तै ७० किलोमिटर हाराहारीमा पर्छ । तर पोखरा आएका कति पर्यटक बागलुङसम्म पुग्छन् ? यसको खोजी र लेखाजोखा सकैसँग छैन ।

पोखरा आएका धेरै पर्यटक एकदेखि डेढ घण्टाकै दूरीका अन्य जिल्लामा कमै मात्रै पुग्ने गरेका छन् । त्यसो त यो दूरीका जिल्ला र स्थानमा पनि पर्यटक लोभ्याउने अधिक सम्भावना रहेकै छन् । यसो भए पनि संरचना अर्थात् पर्यटन पूर्वाधारको भने अभाव छ । पोखरा आएका विदेशी पर्यटकलाई पश्चिमका बागलुङ, पर्वत, म्याग्दीसम्म ल्याउन आवश्यक प्रचारप्रसार एवं सूचना र पर्यटन पूर्वाधारको खाँचो देखिन्छ ।

पोखराबाट बढीमा दुई घण्टामा बागलुङ पुग्न सकिने भए पनि विदेशी पर्यटकको आगमन भने शून्यजस्तै छ । विभिन्न पर्यटन व्यवसायीको पहलमा आएका विदेशी पर्यटकको समूहबाहेक अन्य विदेशी पर्यटक आफैंले खोजेर सूचना प्राप्त गरेर यहाँ आउने गरेका छैनन् । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटनमा सीधै हेलिकप्टरमार्फत विदेशी पर्यटक पुग्दा जिल्लामा पर्यटक आगमनको आभास नै हुँदैन । त्यस्तै अरु कुनै प्याकेज कार्यक्रममा आए भने पनि बाटोमात्र हिँड्छन्, यहाँ बास बस्दैनन् ।

बागलुङमा विदेशी पर्यटक भित्र्याउन पर्यटकीय पूर्वाधार, आतिथ्यता कार्यक्रम, सूचना प्रणालीलगायतको अभाव छ । यी क्षेत्रमा आवश्यक मात्रामा सुधार गर्न सकिएमा पर्यटक यहाँ ल्याउन सकिने यहाँका स्थनीय पर्यटन व्यवसायी तथा जानकार बताउँछन् ।

> बागलुङमा सुविधा सम्पन्न तारे होटल नहुँदा विदेशी तथा भिआइपी पाहुना आउने आँट गर्दैनन् । जिल्लामा विदेशी पर्यटक तथा भिआइपी पाहुना आइहाले पनि साँझ बस्न पोखरा नै पुग्नुपर्ने अवस्था छ । बागलुङ जिल्लामा हालसम्म कम्तीमा पनि १०० जना अट्नसक्ने क्षमताको ठूलो होटल स्थापना हुन नसक्दासमेत पर्यटकहरु आकर्षित हुन नसकेको स्थानीय राम शर्माको भनाइ छ ।

### पोखरा आएका पर्यटक किन आउदैनन् बागलुङ ?

बागलुङ जिल्लामा विदेशी पर्यटक भित्र्याउन हालसम्म संस्थागत पहल नथालिएका कारण विदशी पर्यटक नआएको पर्यटन व्यवसायीको भनाइ छ । बागलुङमा पहिलोपटक विदेशी पर्यटक भित्र्याउन पहल गरेका पर्यटन व्यवसायी महादेव शर्माले पोखरा भित्रिने पर्यटक अधिकांश पोखरा आसपासका क्षेत्रमा आउन नसक्नु भनेको अन्य जिल्लाले नै विदेशी पर्यटक भित्र्याउन पहल नगरेको हो भन्न सकिने बताउँछन् ।

'व्यक्तिगत पहलमा कति पर्यटक आउलान्, मैले भेगन समूहका विदशी पर्यटक बागलुङ ल्याउन थालेको छु, तर यहाँका स्थानीय पालिकाले पहल थाल्न पर्‍यो, निजी क्षेत्रले साझेदारी गर्न पर्‍यो र बागलुङका पर्यटकीय क्षेत्रमा विदेशी पर्यटकको नजर नपर्नु नै पहिलो कारण देख्छु,' शर्माले भने, 'धार्मिक पर्यटक भित्र्याउन बागलुङमा सहज देख्छु पोखराबाट मुक्तिनाथ जाने वा त्यहाँ पुगेका भारतीय पर्यटक बढी बागलुङ आउने सम्भावना छ, त्यसका लागि आश्रम र सुविधा सम्पन्न शाकाहारी होटल स्थापना गर्न आवश्यक छ ।'

बागलुङमा पर्यटक भित्र्याउने निजी क्षेत्रको एउटा साझेदार संस्था नहुनु, प्रचारप्रसारको कमी र बागलुङको महत्त्व विश्वसामु चिनाउन नसक्नुका कारण बागलुङमा विदेशी पर्यटक आकर्षित हुन नसकेको पाइएको छ ।

'पोखरा आएको विदेशी पर्यटक बागलुङमा किन र केका लागि जाने भन्ने त हुन पर्‍यो, यहाँको कला संस्कृति हेर्न हो अथवा ग्रामीण पर्यकीय क्षेत्रमा घुम्न, बागलुङमा तीन दिन हिँड्न सक्ने राम्रो पदमार्गको रुट अहिलेसम्म रेखांकन छैन,' उनले भने, 'मैले बागलुङ बजारदेखि भकुण्डै हुँदै सिगानाको बौडैचौरदेखि बौरसम्मको दुई दिने पर्यटकीय पदमार्गको रुट बनाएर विदेशी पर्यटक पुर्‍याएको छु, तर पालिकाले विदेशी पर्यटक ल्याउन कुनै चासो दिएको देखिँदैन ।'

यहाँ पर्यटनमा पूर्वाधारका क्षेत्रमा निजी क्षेत्रको लगानी कम देखिन्छ । पर्यटक आए पनि यहाँ बस्ने र घुम्ने ठाउँहरू पनि कमै छन् । उनीहरूको बसाइँ लम्ब्याउन सकिने खालका पूर्वाधार नहुँदा पर्यटकको आकर्षण बढ्न नसकेकाले पर्यटक बागलुङ आउन नसकेको स्थानीय राम शर्माले बताए । बागलुङको पुरानो संस्कृतिको रूपमा रहेको हनुमान नाच, लाखे नाच, घाटु नाच र शालैजोलाई समय समयमा प्रदर्शन गर्न सकेमा यसबाट स्वदेशी मात्र नभएर विदेशी पर्यटकलाई ल्याउन सकिने शर्माको भनाइ छ ।



### सूचना केन्द्र नहुँदा अलमलमा पर्यटक

बागलुङमा भित्रिने विदेशी पर्यटकमात्रै होइन स्वदेशी पर्यटकसमेत अलमलमा पर्ने गरेका छन् । बागलुङ जिल्लाको प्रवेशद्वारमा डिजिटल सूचना केन्द्र राख्न नसक्दा बागलुङ आएका पर्यटक अलमलमा पर्ने गरेको पाइन्छ ।

बागलुङ जिल्लाको कालिका मन्दिर कहाँ छ, पर्यटकीय गन्तव्य पञ्चकोट कहाँ छ, भन्ने विवरणको सूचना केन्द्र स्थापना गरेर राख्न सकिने भए पनि हालसम्म पर्यटक सूचना केन्द्र नहुँदा पर्यटक अलमलमा पर्ने गरेको बागलुङ जिल्लाको होटल व्यवसायी संघका अध्यक्ष निलेश राजभण्डारी बताउँछन् ।

'अहिले डिजिटल जमाना आइसक्यो, यहाँका होटल पुरानै अवस्थाका छन्, गुगल तथा डिजिटल म्यापमा यहाँका होटल देखिँदैनन्, विदेशी पर्यटकले इन्टरनेट खोजेर गन्तव्य पहिल्याउने भइसके, जिल्ला सदरमुकामस्थित एक दर्जन होटलमात्रै विदेशी पर्यटक राख्न सक्ने अवस्थाका छन्,' राजभण्डारीले भने, 'होटल स्तरोन्नति हुन आवश्यक छ, बागलुङ प्रवेशद्वारमा पर्यटकीय सूचना केन्द्र राख्न बागलुङ नगरपालिकालाई सुझाव दिएका छौं ।'

अब होटलहरू अनलाइनबाटै बुकिङ गर्न सकिने र प्रविधिमैत्री हुनसकेमा मात्रै विदेशी पर्यटकको रोजाइमा पर्नसक्ने बताउँदै राजभण्डारीले विदेशी पर्यटकहरू जिल्लामा ल्याउन भौतिक पूर्वाधार, आतिथ्यतामा लगानी र प्रचारप्रसार गर्न आवश्यक रहेको बताए । जिल्ला सदरमुकाम बागलुङ बजारमा ४०० विदेशी पर्यटक एक रातमा बस्न सक्ने क्षमता रहेको होटल व्यवसायी संघ बागलुङले जनाएको छ । बागलुङ जिल्लामा दुई हजार पाहुना राख्ने क्षमता भए पनि पर्यटकका लागि ४०० मात्रै क्षमता रहेको हो ।

### मुस्ताङ जाने विदेशी पर्यटकको छायामा बागलुङ

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले २०७५ वैशाख २९ गते मुस्ताङको मुक्तिनाथ मन्दिर दर्शनपश्चात् अहिले मुक्तिनाथमा भारतीय पर्यटकको लर्को छ तर मुक्तिनाथ पुगेका भारतीय पर्यटकको १५ प्रतिशत पर्यटकमात्रै बागलुङ कालिका मन्दिरलगायत अन्य धार्मिक क्षेत्रको भ्रमणमा आउने गरेको पाइएको छ ।

बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काका अनुसार पछिल्लो समय मुस्ताङ पुग्ने भाारतीय पर्यटक बागलुङ आउन थालेपनि तेस्रो मुलुकका पर्यटकहरू मुस्ताङबाट सोझै फर्कने गरेको बताए । भारतीय पर्यटक मुक्तिनाथ भ्रमणपश्चात् बागलुङ नगरपालिका-४ कुडुँलेस्थित शालग्राम संग्रहालय दर्शनका लागिसमेत पुग्ने गरेको पाइएको छ तर मुस्ताङ पुगेर बागलुङ आएका पर्यटक एक रातसमेत बागलुङमा नबसी सीधै पोखरा पुग्ने गरेको बागलुङका होटल व्यवसायीहरू भनाइ छ ।

उता भारतीय पर्यटक अधिकांशले शाकाहारी खाना मन पराउने भएकाले बागलुङमा शाकाहारी खानाका होटल नहुँदा पनि समस्या उत्पन्न भएको हुनसक्छ । मुस्ताङ पुग्ने विदेशी पर्यटकलाई बागलुङमा ल्याउनका लागि प्रवर्द्धनात्मक काम थाल्नुपर्ने पर्यटन व्यवसायी महादेव शर्माको भनाइ छ । जस्तो कि मुस्ताङ पुग्ने भारतीय पर्यटकले आफ्नो खानपिन र धार्मिक पर्यटनका रूपमा बागलुङलाई छान्नका लागि उनीहरू बस्ने र घुम्ने स्थान तथा होटलको प्रचार गुगलमै उपलब्ध भए सजिलो हुन्छ । तर, त्यस्तो अवस्था यहाँ देखिँदैन । त्यसैले पोखराबाट सडकमार्ग भएर मुस्ताङ पुगेका पर्यटक यता नछिरी उतैबाट पोखरा फर्किने गरेका हुनसक्छन् ।

### आन्तरिक पर्यटकको भरमा बागलुङ

बागलुङमा विदेशी पर्यटकहरू नगन्य मात्रमा आए पनि आन्तरिक पर्यटकको भने जिल्लाका अधिकांश पर्यटकीयस्थलमा चहल-पहल देखिन्छ । जिल्लाका सुविधा सम्पन्न होटलहरू प्रायःजसो आन्तरिक पर्यटकले भरिने गरेको होटल व्यवसायी संघ बागलुङको तथ्यांकमा छ ।

जिल्लाको पिस प्यालेस, होटल समिट धौलागिरि, रेड एप्पल, दिराजन, होटल सुगन, आरती, होटल हिलभ्यूलगायतका होटलहरू प्रायः आन्तरिक पर्यटकले नै भरिने गरेको होटल व्यवसायीको भनाइ छ । होटलसँगै जिल्लाको पर्यटकीय गन्तव्यहरू बागलुङ कालिका, पञ्चकोट, शालग्राम संग्रहालय, हाँडीकोट, बेलढुंगा, सोलेडाँडा, भैरवस्थान, घकुण्डेमा आन्तरिक पर्यटकको चहलपहलसमेत बढ्दै गएको छ । कोरोनापछि जिल्लामा आन्तरिक पर्यटकको संख्या ह्वातै बढेको होटल व्यवसायी ललिता थापाले बताए । अहिले जिल्लाका पर्यटकीयस्थलको अवलोकन भ्रमणका लागि पोखरा, चितवन, गोरखा, काठमाडौंलगायतका जिल्लाबाट बागलुङ आउने क्रम क्रमश बढ्दै आएको थापाको अनुभव छ ।

अहिले कालिका मन्दिर, पञ्चकोट र शालग्राम संग्रहालय परिसरमा अवलोकन भ्रमणमा व्यानरसहितका थुप्रै सवारीसाधन देख्न पाइन्छ । कालिका मन्दिर, पञ्चकोट, लामो झोलुंगे पुल, शालग्राम संग्रहालयमा आन्तरिक पर्यटकहरू बढेका छन् । पछिल्लो समय आन्तरिक पर्यटक घरबासमा पुग्ने, हाइकिङ गर्ने तथा वनभोज जानेलगायतका कारण आन्तरिक पर्यटकीयस्थल चलयमान भएका हुन् । आन्तरिक पर्यटक थपिँदै गए पनि बागलुङ नगरपालिकाले विदेशी पर्यटकहरू ल्याउन संस्थागतरूपमा पहल गर्ने बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताए ।

### थपिँदै पर्यटकीय गन्तव्य

बागलुङमा नयाँ पर्यटकीय गन्तव्य थपिने क्रम जारी छ । कोरोनाकहरपछि बागलुङमा लामो झोलुंगे पुल, शालग्राम संग्रहालय, पञ्चकोट, बुद्ध हिल, हाँडीकोट, सहस्रधारा झरना र गाईघाट झरनालगायतका क्षेत्र पछिल्लो समयमा चर्चा कमाएका पर्यटकीय गन्तव्य हुन् । कुश्मा र बागलुङलाई जोडेर निर्माण गरिएको विश्वकै अग्लो बञ्जी पुलमा आन्तरिक पर्यटकले भरिभराउ हुने गरेको पाइन्छ ।

नयाँ पर्यटकीय गन्तव्यको प्रचारप्रसार र पूर्वाधारपछि चर्चामा आउन थालेको पर्यटन विकास समिति बागलुङका सचिव अर्जुन चोखालले जानकारी दिए । चोखालका अनुसार प्रविधिको प्रयोगका कारण पर्यटकीय गन्तव्यको प्रचार हुँदा आन्तरिक पर्यटकहरू आउन थालेको बताउँछन् ।

'टिकटकमा देखिएका दृश्यका कारण धेरै मानिस लामो झोलुंगे पुल आएको पाइयो, पछिल्लो समय सामाजिक सञ्जालका कारण एकाएक पर्यटकीयस्थल भाइरल हुने जमाना आइसक्यो,' चोखालले भने, 'स्थानीय सरकारको रूपमा रहेका पालिकाले एक पालिका एक पर्यटकीयस्थलको रूपमा विकास तथा पूर्वाधार निर्माण थालेपछि पर्यटकीय गन्तव्य थपिँदै गएको हामीले पाएका छौं ।'

चोखालले बागलुङमा आन्तरिक तथा बाहच पर्यटकको बसाइँ लम्ब्याउनका लागि पर्यटनमैत्री नीति तथा कार्यक्रम ल्याउन आवश्यक रहेको बताउँदै बागलुङ जिल्लाको पर्यटन गुरु योजना नहुँदा समस्या भएको जानकारी दिए ।

### खड्किँदै तारे होटल

बागलुङमा सुविधा सम्पन्न तारे होटल नहुँदा विदेशी तथा भिआइपी पाहुना आउने आँट गर्दैनन् । जिल्लामा विदेशी पर्यटक तथा भिआइपी पाहुना आइहाले पनि साँझ बस्न पोखरा नै पुग्नुपर्ने अवस्था छ । बागलुङ जिल्लामा हालसम्म कम्तीमा पनि १०० जना अट्नसक्ने क्षमताको ठूलो होटल स्थापना हुन नसक्दासमेत पर्यटकहरू आकर्षित हुन नसकेको स्थानीय राम शर्माको भनाइ छ । पर्यटन बोर्डले बागलुङलाई पर्यटकीय गन्तव्यको रूपमा राख्न नसक्दा विदेशी पर्यटक आउन नसक्नु मुख्य समस्या रहेको शर्माको भनाइ छ ।

राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यक्रम गर्न, धेरै पाहुना राख्न र सेमिनार तथा गोष्ठी गर्नका लागिसमेत बागलुङमा उपयुक्त होटल तथा रिसोर्ट नभएको शर्माको भनाइ छ । बागलुङमा एउटा तारे होटल र एउटा सुविधा सम्पन्न रिसोर्टको तत्कालै आवश्यकता देखिन्छ ।

### पर्यटनमैत्री घरवासको खाँचो

जिल्लामा रहेका २८ वटा सामुदायिक घरबासमध्ये कतिपय घरबास नाममात्रका छन् । यीमध्ये आधा दर्जन घरवासमात्रै पर्यटनमैत्री रहेका छन् । जिल्लाको पहिलो घरबासका रूपमा रहेको भकुण्डेको अतिथि घरवासमा मात्रै विदेशी पाहुना पुग्न थालेका छन् भने अन्य केही जिल्लाका आधा दर्जन घरवासमा मात्रै आन्तरिक पर्यटक पुग्ने गरेका छन् ।

केही घरवासमा मात्रै स्थानीय तथा अर्गानिक खानाका परिकारको स्वाद तथा विभिन्न कला संस्कृति देखाउने गरेका छन् भने केही घरवास नाममात्रैका घरवासजस्ता छन् । घरवासहरू पूर्वाधारयुक्त र पर्यटनमैत्री हुन आवश्यक रहेको पर्यटन व्यवसायीहरू बताउँछन् ।

### पर्यटकको छैन तथ्यांक

बागलुङमा हालसम्म भित्रने आन्तरिक तथा बाहच पर्यटकको कुनै तथ्यांक छैन । पर्यटनसम्बन्धी खोज तथा अनुसन्धान गर्नका लागिसमेत कुनै सन्दर्भ सामग्री पाइँदैन ।

जिल्लाका पालिका, पर्यटन विकास समिति तथा अन्य कुनै पर्यटनसँग सम्बन्धित संघसंस्थाले हालसम्म जिल्लामा भित्रने पर्यटकको तथ्यांक नभएको पाइएको छ ।

नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन सिकार आरक्षभित्र प्रवेश गर्ने विदेशी तथा स्वदेशी पर्यटकहरूको मात्रै जिल्लामा तथ्यांक छ । यस वर्ष ढोरपाटन सिकार आरक्ष क्षेत्र घुम्नका लागि नौ हजार स्वदेशी तथा विदेशी पर्यटक पुगेको ढोरपाटन सिकार आरक्षको कार्यालयले जनाएको छ । *रासस*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**ग्रामीण सडकको दुरावस्था** | दैलेख-सुर्खेत सडकखण्डअन्तर्गत माथिल्लो डुंगेश्वरस्थित हिलाम्य सडक । बर्खायाममा बढी पानी पर्ने र सडक चौडा गर्ने कार्य पनि यही समयमा भएकाले हिलो सडकबाट सवारी सञ्चालन गर्न समस्या भएको हो । *तस्बिरः सुरेश आचार्य/रासस*

# मनाङको यात्राः कटे मनाङ, झरे मर्स्याङ्दीमा

■ **जनक श्रेष्ठ**

**लमजुङ–** घन, छिनो र सावेलले ठूलाठूला चट्टान खोपेर बनाइएको सडक । तल हेर्दा आङ नै सिरिङ हुने भीर, त्यो भन्दा तल रिंगटा लाग्ने गरी गड्गडाउँदै बगिरहेको मर्स्याङ्दी नदी । माथि उस्तै अजंगको चट्टानी पहरो । यो अवस्था हिमालपारीको जिल्ला मनाङ जाने सडकको हो ।

उतिबेला अहिलेजस्तो डोजर र एस्काभेटर चलाएर सडक बनाइँदैनथ्यो । साँघुरो कच्ची सडक, हरेकपटक जोखिम मोल्नुपर्ने अवस्था । ठाउँठाउँमा बगेको पहिरोका कारण थप जोखिमपूर्ण यात्रा । अहिले वर्षाको समयमा यही जोखिमपूर्ण सडक पार गर्दै दैनिक सयौं यात्रु यात्रा गर्न बाध्य छन् । यही सडक भएर दैनिक दर्जनौं सवारीसाधन लमजुङ मनाङ आवतजावत गर्दछन् ।

मनाङबाट लमजुङ हुँदै विभिन्न ठाउँमा आउने र यहाँबाट मनाङ जाने एउटै बेँसीसहर-चामे सडक हो । भिरैभिर र मर्स्याङ्दी नदी माथिमाथि हुँदै ढुंगैढुंगाको सडक व्यवस्थित नहुँदा बेँसीसहर-चामे सडकमा ज्यानको बाजी राख्दै भगवान्को भरोसामा यात्रा गर्न यात्रु बाध्य छन् । यात्रुले यस सडक पार गरे मनाङ पुग्छन्, सडकबाट तल झरे सीधै मर्स्याङ्दी नदीमा पुग्छन् । यस्तो जोखिम मोल्नुको विकल्प छैन मनाङवासीलाई ।

जिल्लालाई सडक सञ्जालमा जोड्ने सरकारको योजनाअनुरूप वि.सं. २०५१ देखि सडक डिभिजन कार्यालय दमौली तनहुँले सडक निर्माण गर्न सुरु गरेको थियो । जनयुद्ध र अन्य विभिन्न कारणले उक्त सडक निर्माणको जिम्मेवारी वि.सं. २०५७ देखि तत्कालीन नेपाली सेनाले पायो । तत्कालीन सेनाले शान्ति प्रक्रिया पछि मात्रै सडक निर्माण कार्यलाई निरन्तरता दिएको थियो ।

सेनाले उक्त जोखिमपूर्ण भिरमा ज्यानको बाजी राखेर सडक निर्माण गर्न सफल भयो । सरर मटर चढेर मनाङ आवतजावत गर्ने मनाङवासीको सपना पूरा भयो । नेपाली सेना कार्यगणले वि.सं. २०६९ मा सडक निर्माण कार्यसम्पन्न गरेसँगै सडक डिभिजन कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो । गणका इञ्जिनियर भरत श्रेष्ठ र इन्द्रवीर गुरुङको नेतृत्वमा सडक निर्माण गरी हस्तान्तरण गरिएको थियो ।

बेँसीसहर-चामे सडक ६५ किलोमिटर रहेको सडक डिभिजन कार्यालय दमौलीले जनाएको छ । उक्त सडक लमजुङतर्फ ३५ किलोमिटरसम्म र मनाङतर्फ ३० किलोमिटर रहेको छ ।

सडक निर्माण भए पनि भौगोलिक कारणले यहाँको यात्रा जोखिमपूर्ण रहँदै आएको छ । सडकको स्तरोन्नति हुन नसक्दा यहाँका स्थानीय निराश बनेका छन् । मनाङवासीसँगै, लमजुङवासी, आन्तरिक तथा बाहृय पर्यटकसमेत चिन्तित छन् । यात्राका क्रममा सबैको चाहना सडक गुणस्तरीय होस् र दुर्घटना र जोखिम न्यून रहोस् भन्ने हुन्छ ।

बेँसीसहर-चामे सडक पार गर्न झण्डै छ घन्टा समय लाग्ने सवारी चालक सोम मगारातीले बताए । 'ठूलाठूला चट्टान ढुंगाको बीचैबीच । मर्स्याङ्दी नदीबाट तीन सयदेखि एक हजार फिटभन्दा माथिमाथि हुँदै सवारीसाधन चल्छन्,' उनले भने । यात्रा नसकिञ्जेलसम्म डराइडराइ यात्रा गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ थियो ।

विभिन्न कामलगायत घरायसी समान लिनका लागि जोखिमको यात्रा गर्न बाध्य भएको मनाङवासी बताउँछन् । भौगोलिक संरचनाले जोखिमपूर्ण बनेको सडक बर्खायाममा बाढीले खोतलिदिने र पहिरो आउने भएकाले थप जोखिम बनेको चालक मगारातीले बताए । उनले समय-समयमा सडक स्तरोन्नति गरे सडक गुणस्तरीय हुने र जोखिम कम हुनेमा जोड दिए ।

'बेलाबेला ठाउँठाउँमा अवरुद्ध सडकले सवारीसाधन रोकेर बस्दा सडक भासिने हो कि ? माथिबाट पहिरो आएर ज्यानै लैजाने हो कि ? भन्ने जोखिम छ,' यस सडकखण्डका चालक रामबहादुर तामाङले भने । उनले यात्राका क्रममा माथिबाट पहिरो आउने सम्भावना बढी भएको भन्दै सडक भासिए मर्स्याङ्दीमा पुग्ने खतरा पनि उत्तिकै रहेको बताए ।

'हामीले दैनिक जोखिमपूर्ण यात्रा गरिरहेका छौं । पहिरो, बाढीको जोखिमका साथै सडक भासिने सम्भावना पनि छ,' तामाङले भने । यात्राका क्रममा बाटोमा घाइते भए वा बिरामी परेमा थप समस्या हुने गरेको उनको भनाइ छ । विगतको तुलनामा केही ठाउँमा सडक स्तरोन्नति भए पनि अधिकांश ठाउँमा सडक जीर्ण हुँदै जाँदा यात्रु दिनहुँ त्रसित हुँदै यात्रा गर्न बाध्य भएका उनले बताए । *रासस*

### हराउँदै रोपाइँको मौलिकता :

# अहिले सुनिँदैनन् असारे भाका



■ **ध्रुवसागर शर्मा**

**गलेश्वर–** शुक्रबार (असार १५) देशभर धान दिवस मनाइयो । असारलाई 'मानो खाएर मुरी उब्जाउने' महिनाको रूपमा लिने गरिन्छ । असारको दोस्रो साता बितेपछि मात्रै म्याग्दीमा रोपाइँ सुरु भएको छ । दर्के झरी र चर्को घामको प्रवाह नगरी जिल्लाका ग्रामीण क्षेत्रमा किसानले रोपाइँ गरिरहेका छन् ।

किसान रोपाइँमा व्यस्त भए पनि रोपाइँको मौलिकता भने हराउँदै गएको छ । कृषिमा यान्त्रिकीकरण र प्रविधिको प्रयोग बढ्दै गएपछि रैथाने प्रविधि लोप हुँदै गएका हुन् । हलो, जुवा र गोरुको ठाउँ मिनिटेलर हलोले लिएको छ भने असारे गीत पनि सुनिन छोडेका छन् ।

'पहिला पहिला धान राम्रो फलोस् भनेर बराहा र सीमे भुमेलाई पूजा गरी बीउ चढाएर रोपाहारले असारे गीतका भाकासँगै धान रोप्न सुरु गर्दथे,' बेनी नगरपालिका-२ बगरफाँटका ८६ वर्षीय बेदप्रसाद उपाध्यायले भने, 'अहिले यी सबै कुराहरू हराउँदै गएका छन् । खेतका फाँटमा रोपाइँ चलिरहेको छ तर न हजो-जुवा र गोरु देखिए न असारे भाका नै सुनियो ।'

*'असारै खाउला दुधिलो मकै, साउने खाउला खिर,*
*घरमा छैन शितलु वचन, मनमा छैन थिर ।*
*छुपुमा छुपु खेतमै रोपु, हातको बीउ छउञ्जेल*
*जे खानु खाइयो, जे लाउनु लाइयो बाबाको ज्यू छइञ्जेल ॥'*

लोक गायिका हरिदेवी कोइरालाले गाएकी गीतका हरफ अब रोपाइँका बेला खेतका गह्रामा रोपाहारका मुखबाट सुनिन छोडेका छन् । आजकल असारे गीत असार महिनामा पनि विरलै सुनिन्छन् । राष्ट्रिय धान दिवस मनाइसक्दा पनि किसानका खेत अहिलेसम्म बाँझै छन् । केही सरकारी तथा गैरसरकारी संघ संस्थाले रमाइलोका लागि खेतमा गएर रोपाइँ गरेका देखिन्छ । पर्याप्त वर्षा नभएकाले किसान रोपाइँमा व्यस्त हुन पाएका छैनन् भने असारे गीत पनि सुनिँदैनन् ।

नेपालमा धान रोप्दा गाइने असारे गीत रोपाइँमा दिनभर थाकेको बाउसे र रोपाहारहरू एक अर्कामा हिलो छ्यापछ्याप गरी गीत गाउँदै दुःख कष्ट र थकाइ बिर्सने गर्दथे । खेतका गह्रा, खोलानाला र खहरेबाट झरेको पानीको छङछङ आवाजसँगै असारे भाका गाउँदा सुन्ने पनि लठ्ठ पर्ने गर्दथे । ती दिनहरू अब इतिहास बनेका म्याग्दीकी लोकगायिका धनकुमारी थापाले बताइन् ।

'पहिला असारे गीत असार सुरु हुनेबित्तिकै सुनिथ्यो तर अहिले मध्य असार भइसक्दा पनि सुनिएका छैनन्,' उनले भनिन्, 'मानो खाएर मुरी उब्जाउने भनिए पनि पहिलेजस्तो रोपाइँमा उल्लास आजकल पाइन छोडेको छ ।' आजकल मेला हिँड्ने परम्परा कम भएको र असारे गीत गाउन छाडेकाले भाकासमेत लोप भएको उनको भनाइ थियो ।

नयाँ पिढीलाई असारे गीत गाउन आउँदा पनि आउँदैन् । रोपाइँका बेला बीउ काढ्ने, खेत रोप्ने अनि रमाइलो गर्ने हुँदा उत्सवजस्तै मानिने भए पनि अहिले त्यो परम्परा हट्दै गएको र असारे रोपाइँको रौनक पनि घटेको मंगला गाउँपालिका-२ रणबाङका हरिकृष्ण पौडेलले बताए ।

पछिल्लो सयममा रोपाइँको समयमा गाइने असारे गीत गाउन छाडिएपछि गीतसँगै टुक्का पनि लोप हुने अवस्थामा पुगेको पुराना गायक नेत्रबहादुर महतले बताए । 'रोपाइँमा त सुनिन छाड्यो-छाड्यो, आजभोलि रेडियो, टिभीबाटसमेत गीत सुनिँदैन,' उनले भने ।

पहिले रेकर्ड गरिएका गीतहरू प्राविधिका कारण संग्रहमा छैनन् भने पछिल्लो पुस्ताका कलाकारले सांस्कृतिक गीतभन्दा पनि व्यावसायिक गीतलाई प्राथमकिता दिँदा थप समस्या भएको म्याग्दीकाली एफएमका स्टेसन म्यानेजर राकेश शर्माले बताए । दाइँको बेला गाइने गीत र संस्कारको संरक्षण हुन सक्यो भने यसले धान खेती र दाइँ गर्ने किसानको पनि हौसला बढ्ने उनको भनाइ छ ।

नेपाली लोक गीतमा विभिन्न चाडपर्व, ऋतु, खेतीपाती गर्दा गाइने सांस्कृतिक भाका र भाव मिसिएका पाइए पनि यस्ता गीतको संरक्षण र सम्वर्द्धन हुन नसकेको महतले बताए । पुराना लोकभाका र परम्पराको संरक्षण हुन नसक्दा मौलिक संस्कृति लोप हुँदै गएका उनको भनाइ थियो । पुराना लोकसंस्कृति झल्काउने गीत तथा भाकाको संरक्षण गर्न अतिआवश्यक रहेको बूढापाकाको भनाइ छ ।

*'सिमसिमे पानी परेको बेला केही छैन ओत लाग्ने*
*जति नै राम्रो गर्छु तै पनि मैलाई हो खोट लाग्ने ।'*

यस्तै-यस्तै शब्दहरूमा असारे भाका हालेर दिनभर रमाइलो गर्दै खेतमा धानको बीउ रोप्ने गरेको बगरफाँटकी ६८ वर्षीया यामकुमारी शर्मा झलझली सम्झिन्छिन् । 'बिहान खेतमा पसेदेखि मेलो नसकुञ्जेल गाइरहन्थ्यौं, सबै साथीले भाका मिलाएर गाउँदा दिन बितेको पत्तो नै हुँदैनथ्यो,' उनले भनिन्, 'आजकल यी सबै कुरा कथाजस्ता हुन लागिसके । अहिले न असारे भाका गाउन जान्ने फगामीका दौंतरी छन्, न त छोरीबुहारीले गाउन जानेका छन् ।'

धान रोप्दै गाइने असारे गीतमा दुःख, पीडा, हँस्यौली ठटचौली, मायापिरतीका कुरा पनि समेट्ने गरेको शर्माले सुनाइन् । अहिलेका युवापुस्ता प्रविधितर्फ आकर्षित भएकाले परम्परागत सीप, साधन, कला र संस्कृति हराउँदै जान थालेकामा स्थानीय बूढापाकाले चिन्ता व्यक्त गरेका छन् ।

'कृषिमा प्रविधिको प्रयोग गरी कम लागतमा बढी आम्दानी लिनु त राम्रो कुरा हो,' बेनी नगरपालिका-४ का कृषक नारायण पौडेलले भने, 'तर परम्परागत सीप र साधनमा जैविक विधिबाट गरिने कृषि पद्धतिलाई पनि चटक्कै बिर्सनु भने हुँदैन ।' उनले कृषिसँग नेपालीको जीवन पद्धति पनि जोडिएको बताए ।

ऐँचोपैँचो, सर-सापट, अर्म-पर्म, हुद्धा-डफ्फा, श्रमदान, सघाइ यी चलन नेपालीका मौलिक चलन भएको भन्दै कृषिसँग जोडिएका मौलिक परम्पराहरू संरक्षण गर्नुपर्ने बूढापाका बताउँछन् । यिनै प्रचलनको जगमा समाजको एकता र विविधता दुवै समेटिएको बेनीका लोक कलाकार प्रकाश श्रेष्ठले बताए । असारे भाकासँगै अर्मपर्म गरी रोपाइँ गर्ने चलन पनि गाउँघरमा विस्तारै हराउँदै गएको उनको भनाइ थियो ।

म्याग्दीमा असार दोस्रो सातासम्म जम्मा २० प्रतिशतमात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

*'लेकको चरी बेँसीमा झर्‍यो पाकेको बर खान*
*हाड मासु चल्यो हृदय जल्यो गाह्रो भो घर खान*
*असार मास कुटेका चिउरा म कति साँचुला*
*सौताको हात दुई कुड्की भात म कति बाँचुला ॥'* रासस

# हेंवा खोलामा फड्के पुल बनेपछि यात्रुलाई सहज



**फुङ्लिङ–** मेची राजमार्गअन्तर्गत ताप्लेजुङखण्डको फिदिमस्थित हेंवा खोलामा फड्के पुल सञ्चालनमा आएसँगै यात्रुलाई आवतजावत गर्न केही सहज भएको छ । तत्काल यात्रुको आवागमनलाई सहजीकरण गर्न निर्माण गरिएको फड्के पुल गत शनिबारदेखि सञ्चालनमा आएको हो ।

गत असार २ गतेको बाढी पहिरोले मोटरेबल पुल बगाएपछि जिल्ला सडक सञ्जालले टुटेको थियो । ताप्लेजुङबाट अन्य जिल्ला जानसमेत असहज भएकामा हेंवा खोलामा फड्के पुल सञ्चालनमा आएपछि यात्रुलाई केही राहत मिलेको छ । जिल्लाका जनप्रतिनिधि, प्रशासन, सुरक्षाकर्मी, व्यवसायी र युवाको सक्रियतामा फड्के पुल बनेको हो । मुख्य गरेर फिदिम ओदिनस्थित नेपाली सेनाको रणशेर गणका माउण्टेन वारफेयर विशेषज्ञ समूहको प्राविधिक सहयोगमा उक्त पुल बनाइएको थियो । बाँसका साथै बिजुलीको तार र नट प्रयोग गरेर बनाइएको पुलमा पाँचथर युवा संघको पनि सहयोग रहेको जनाइएको छ ।

फड्के पुलको सहयोगले गाडीमार्फत वारिपारिसम्म आइपुग्ने यात्रुलाई आ-आफ्नो गन्तव्य पुग्न तरेर जान केही सहज भएको छ । मेचीमार्गको फिदिम-ताप्लेजुङ खण्डमा २०० भन्दा बढी निजी तथा भाडाका गाडीबाट दुई हजारसम्म यात्रुले यात्रा गर्ने गर्छन् ।

हेंवाखोलाको पुल बगाएपछि यात्रुलाई असुविधा पुगेको थियो । फड्के पुल बनेपछि यात्रुलाई धेरै राहत पुगेको छ । फड्के तर्ने यात्रुलाई वारिका सवारीसाधनले वारिबाटै र पारिका सवारीसाधनले पारिबाट उठाएर गन्तव्यतर्फ लगिदिन थालेका छन् । यहाँ सडक डिभिजन कार्यालयबाट बनिरहेको बेलीब्रिज सम्पन्न नहुँदासम्म यात्रुलाई यात्रा गर्न फड्केले सहयोग पुर्‍याएको छ । बेली ब्रिज बन्न एक महिना लाग्ने बताइएको छ । हेंवाखोलामा तत्काल डाइभर्सनको व्यवस्था गरेर गाडी ओहोरदोहोर गराउने प्रयास पनि भइरहेको छ । *रासस*

# पालिकाका कर्मचारीबाटै ठगिए माछा किसान

**झापा–** कचनकवल गाउँपालिका कर्मचारीले आफूहरूलाई ठगेको भन्दै माछापालक किसानले पालिका अध्यक्षलाई उजुरी दिएका छन् । गाउँपालिका अध्यक्ष कालेन्द्रप्रसाद सिंह राजवंशीलाई दिएको उजुरीमा ५० प्रतिशत अनुदानमा वितरण गरेको माछाको भुरामा किसान ठगिएको उल्लेख गरेका छन् ।

पालिकाले माछापालक किसानलाई एउटा प्याकेटमा एक हजार माछाको मुरा भनेर ५०० मात्र दिएर ठगेको उजुरीकर्ताले उजुरीमा जनाएका छन् । माछा पालक भवेश राजवंशी, प्रदीप राजवंशी, कर्णसिंह राजवंशी, अर्जुन राजवंशी, बलाल राजवंशी र कैलाश मण्डलले आफूहरूमाथि ठगी भएको भन्दै अध्यक्ष राजवंशीविरुद्ध उजुरी दिएका हुन् ।

उनीहरूले माछाको भुराका लागि प्रतिगोटा डेढ रूपैयाँका दरले पालिकामा अग्रिम रकम जम्मा गरेका थिए । गाउँपालिकाले प्रतिगोटा तीन रूपैयाँ पर्ने भनिएको माछाको भुराका लागि डेढ रूपैयाँ कार्यालयका तर्फबाट बेहोर्ने गरी जेठमा सूचना प्रकाशित गरेको थियो । सोही सूचनाका आधारमा निवेदन दिएर रकम जम्मा गरेका ४२ किसानलाई पालिकाले भुरा उपलब्ध गराएको थियो ।

कचनकवल गाउँपालिकाले पशुपन्छी तथा मत्स्य विकास शाखाको आर्थिक वर्ष २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रमअनुसार ५० प्रतिशत अनुदानमा कार्प जातको माछाको भुरा वितरण गरेको हो ।

पालिका अध्यक्ष राजवंशीले भने, 'कर्मचारीबाट त्रुटि भएकै हो । सम्बन्धित कर्मचारी र शाखासँग यस विषयमा लिखित जवाफ माग गरिएको छ । कमजोरी गर्नेलाई ढाकछोप गरिन्न, दोष हेरेर कारबाही गर्छौं ।' उनले घटनाको यथार्थ के हो बुझेर चाँडै सार्वजनिक गर्ने बताए । *रासस*

# प्रभाव दैनिक

आइतबार, १७ असार २०८० (Sunday, July 02, 2023)


रूपशाला

## खरेलको 'मै नाचिदिन्छु'मा पुष्प र कविता रोमान्स

गायक शिशिरजय खरेलको नयाँ गीत 'मै नाचीदिन्छु' सार्वजनिक भएको छ। खरेलकै शब्द तथा संगीत रहेको गीतमा विशम आचार्यको एरेन्ज रहेको छ। डान्सिङ शैलीमा तयार गरिएको गीतको आकर्षक भिडियो निर्माण भएको छ। भिडियो बहुचर्चित हिन्दी फिल्म 'सोले'को 'जब त है जान' गीतको थिममा तयार भएको छ। भिडियोमा कामेश्वर चौरेशिया, पुष्प खड्का, कविता नेपाली लगायतको अभिनय छ। गीतमा कामेश्वर गम्बर सिंहको रूपमा प्रस्तुत भएका छन्। गीतमा पुष्प र कविताको अभिनय र नृत्य उत्कृष्ट रहेको छ। जय हो द फिल्म प्रोडक्सनको ब्यानरमा निर्माण भएको भिडियोमा उत्तम हुँमागाईको छायांकन, रूपेश खड्काको सम्पादन र निकेश खड्काको निर्देशन छ। भिडियोका निर्माता पनि शिशिर जय खरेल नै हुन्। गीत खरेलकै आफ्नो युट्युब च्यानल जय हो द फिल्म प्रोडक्सनबाट रिलिज भएको छ।




पाँचौं पिम नेपाल फिल्म फेस्टिवल

# भुवनलाई दीर्घसाधना सम्मान

# आर्यन र प्रमिला सर्वोत्कृष्ट नायक–नायिका

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलो चलचित्र आमाकी अभिनेत्री भुवन चन्दलाई दिर्घसाधना सम्मान प्रदान गर्दै पाँचौं पिम नेपाल फिल्म फेस्टिवल भव्य रूपमा सम्पन्न भएको छ।

साँस्कृतिक संस्थानमा तीन दिन सम्म चलेको फेस्टिवलको समापन समारोहमा बिभिन्न बिधाका उत्कृष्ट चलचित्र, कलाकार तथा प्राबिधिकहरूलाई आर्ड प्रदान गरिएको हो। जहाँ आर्यन सिग्देल र प्रमिला कार्कीले उत्कृष्ट अभिनेता अभिनेत्रीको अवार्ड प्राप्त गरेका छन्। फेस्टिवलमा सिग्देलले चलचित्र डिडेम्बर फल्स र कार्कीले चलचित्र बगानबाट उक्त अवार्ड प्राप्त गरेका हुन्। यस्तै चलचित्र लाखेबाट सम्राट बस्नेतले उत्कृष्ट फिचर फिल्म निर्देशकको अवार्ड प्राप्त गरे भने सर्वोत्कृष्ट फिचर फिल्मको अवार्ड चलचित्र प्रकाशबाट निर्देशक दिनेश राउतले प्राप्त गरेका छन्। चलचित्र प्रकाशबाटै सर्वोत्कृष्ट फिचर फिल्म लेखकको अवार्ड बिकास सुबेदीले प्राप्त गरे भने सर्वोत्कृष्ट भिएफएक्स आर्टिष्टको अवार्ड समिर मियाले प्राप्त गरे। समारोहमा फिचर फिल्म तर्फको जुरी अवार्ड चलचित्र नम्बरी सुनले पायो भने, फिचर फिल्म निर्देशक तर्फको जुरी अवार्ड चलचित्र डेशानबाट कमल एक्चै मगर र वेष्ट एक्टर जुरी अवार्ड चलचित्र लाखेबाट रोहित रुम्बाले प्राप्त गरेका छन्।





उत्कृष्ट सर्ट फिल्मको अवार्ड ऐनाले प्राप्त गर्‍यो भने बेष्ट तामाङ फिल्मको अवार्ड आप्लेङ ला नाम्सा बाट शेखर लामाले प्राप्त गरे। यस्तै वेष्ट भोजपुरी फिल्मको अवार्ड मधेशी पुत्र २ ले प्राप्त गर्दा, मैथली फिल्म समय के खेलाबाट विक्रम गुप्ताले अवार्ड हात पारे त्यसै गरि नेपाल भाषाको फिल्म अवार्ड रोजिन महर्जनले चलचित्र उच्च शिक्षाबाट प्राप्त गरेका छन्। समारोहमा उत्कृष्ट चलचित्र पत्रकारको अवार्ड कुबेर गरी र उत्कृष्ट मनोरञ्जन पत्रकारको अवार्ड कृष्ण कँडेलले प्राप्त गरेका छन्। समारोहमा बिभिन्न बिधामा उत्कृष्ट योगदान दिएका कलाकर्मीहरूलाई सम्मान समेत गरिएको छ। समारोहमा निर्देशक ऋषिराज आचार्य, अभिनेता तेज गिरी, पत्रकार दिपक बिहिन, चलचित्र पत्रकार सचित खड्का, लोकगायक रामकुमार नेपाली र लोकगायक अमृत भारतीलाई सम्मान गरिएको छ।

निर्देशक माधवराज खरेल संयोजक रहेको निर्णायक कमिटीमा चलचित्र पत्रकार बिजय रत्न तुलाधर, चलचित्र पत्रकार बिष्णु सुबेदी, लोक गायक कुलेन्द्र विश्वकर्मा, गायक शिव परियार, मेकअप आर्टिष्ट बिक्रम गौतम, सञ्चारकर्मी दिर्घराज उपाध्याय, सञ्चारकर्मी कमलनाथ अधिकारी र फिल्म अर्काइभिष्ट चिरञ्जिवी गुरागाई रहेका थिए। निर्णायक समितिले अफिसियल सेलेक्सनमा परेका चलचित्रहरूबाट विभिन्न मापदण्डका आधारमा उत्कृष्टको टुङ्गो लगाएको संयोजक खरेलले जनाएका छन्।

आयोजक संस्था पावर नेपाल इन्टरनेशनल मिडिया नेपालका सल्लाहकार शान्तिप्रियको अध्यक्षतामा सम्पन्न समापन समारोहमा बरिष्ठ संगीतकार सम्भुजित बासकोटा, बरिष्ठ अभिनेत्री बसुन्धरा भुषाल, बरिष्ठ अभिनेत्री चैत्यदेवी सिंह, राष्ट्रिय गानका रचनाकार ब्याकुल माइला, कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक समाजका अध्यक्ष जनकदिप पराजुली, चलचित्र पत्रकार संघका अध्यक्ष समिर बलामी, चलचित्र नृत्यकार संघका अध्यक्ष जनक कार्की, बरिष्ठ निर्देशक ऋषी लामिछाने, चलचित्र निर्देशक सुचित्रा श्रेष्ठ, चर्चित गायिका देविका बन्दना, गायक सिताराम पोखरेल, कलाकार रश्मि भट्ट, प्रवण भुषाल, पत्रकार जिवन पराजुली, श्रीदेव विएल, दिनेश पाख्रीन,तुलसी गिरी भावुक, बाबुराम सिग्देल, गिता अधिकारी, डब्बु क्षेत्री लगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै फेस्टिवल निर्देशक कमला जोशीले हरेक वर्ष थप भव्यताका साथ फेस्टिवल सम्पन्न हुँदै आएको भन्दै आगामी वर्षमा अझ भव्य रूपमा सम्पन्न गरिने बताइन। अवार्डलाई निश्पक्ष बनाउन आफुहरू निकै सजक रहेकोले पनि फेस्टिवलका हरेक संस्करणलाई सबैले स्वीकार गरेको उनको भनाई छ। यस्तै बरिष्ठ संगीतकार शम्भुजित बासकोटाले फेस्टिवलका हरेक संस्करणले आफै यसको गरिमा बोलको भन्दै आफुले खासै बखान गरिरहन नपर्ने बताएका छन्। बुधबार गणतन्त्र नेपालका प्रथम उपराष्ट्रपति परमानन्द झाले उद्घाटन गरेको फेस्टिवलमा अफिसियल सेलेक्सनमा परेका फिचर तथा सर्टफिल्महरू प्रदर्शन गरिएको थियो।

कार्यक्रममा लोकप्रिय गायक कुलेन्द्र विश्कर्मा, चर्चित गायक अमृत खाती, टिका बम्जन, राम कुमार नेपाली, अमृत भारती लगायतका कलाकारहरूको बेजोड साँस्कृतिक प्रस्तुती रहेको थियो।

# यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी पुस्तक सार्वजनिक




**काठमाडौं (प्रस)–** यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी फिचर संग्रह 'अभियान यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सुनिश्चितता' सार्वजनिक भएको छ। सञ्चारिका समूहले प्रकाशन गरेको उक्त पुस्तक शुक्रबार एक समारोहबीच राष्ट्रिय मानवअधिकार आयोगकी अध्यक्ष कमला पराजुली, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयकी सहसचिव रोशनीदेवी कार्की, सञ्चारिका समूहकी अध्यक्ष विमला तुम्खेवालगायतले संयुक्तरूपमा सार्वजनिक गरेका हुन्।

पुस्तकमा किशोरी तथा महिलाका यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी २० वटा फिचर सामग्री समेटिएका छन्। समूहका अनुसार महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको विषयमा केन्द्रित रहेर देशभरका २० जना पत्रकार महिलालाई लेखनावृत्ति प्रदान गरिएको थियो। उनीहरूले सोही विषयसँग सम्बन्धित विभिन्न शीर्षकमा तयार पारेका फिचर समेटेर पुस्तक प्रकाशन गरिएको हो।

पुस्तकमा किशोरी तथा महिलाले यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी भोग्दै आएका समस्याको अवस्था, उक्त समस्या समाधानका लागि राज्य तथा सरोकारवाला निकायले खेल्दै आएका भूमिकालगायतका विषयहरू उठाइएको समूहकी अध्यक्ष तुम्खेवाले जानकारी दिइन्। 'प्रजनन तथा यौन समस्याको विषयमा समुदायस्तरमै पुगेर के-कस्ता समस्या छन् र ती समस्यालाई कसरी राज्य र सरोकारवाला निकायहरूले सम्बोधन गर्नुपर्छ भन्ने विषयमा यी २० फिचरले तथ्यमा रहेर समस्या र समाधानका उपायहरू स्पष्ट पारेका छन्,' अध्यक्ष तुम्खेवाले भनिन्, 'यी फिचरले विभिन्न समुदाय तथा समूहका किशोरी तथा महिलाका यौन तथा प्रजनन स्वास्थ्यका विविध पक्षलाई उजागर गरेको छ।'

उनले महिलाको स्वास्थ्य अधिकारको सुनिश्चितताका निम्ति नीति, कार्यक्रम र कानुनलाई लैंगिक संवेदनशील बनाउन, नीति निर्माताहरूलाई सचेत र संवेदनशील बनाउन फिचर सामग्रीले दबाब दिने अपेक्षा व्यक्त गरिन्। समूहले पत्रकार महिलालाई यही पेसामा टिकाउन र उनीहरूलाई नेतृत्व तहमा पुग्न आवश्यक क्षमता विकासका लागि निरन्तर कार्यक्रम सञ्चालन गर्दै आएको जानकारीसमेत उनले दिइन्।

समूहकी महासचिव वसन्ती वास्तोलाले कोशी, सुदूरपश्चिम र गण्डकी प्रदेशका पत्रकार महिलालाई क्षमता अभिवृद्धिको तालिम सञ्चालन गरेको र त्यसबाट छनोट भएकालाई आइपासको सहयोगमा लेखनवृत्ति दिइएको बताइन्।

रंगशाला

# विश्वकपबाट बाहिरियो वेस्ट इन्डिज

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलो र दोस्रो संस्करणको आइसीसी एकदिवसीय विश्वकपको च्याम्पियन टोली विश्वकप छनोटबाट बाहिरिएको छ। हरारेमा भएको खेलमा स्कटल्यान्डसँग ७ विकेटले पराजित हुदै वेस्ट इन्डिज बाहिरिएको हो। वेस्ट इन्डिजले दिएको १ सय ८२ रनको लक्ष्य स्कटल्यान्डले ४३ दशमलव ३ ओभरमा ३ विकेट गुमाएर पूरा गर्‍यो।

स्कटल्यान्डको जितमा म्याथ्यु क्रसले १ सय ७ बलमा ७ चौकासहित ७४ रनमा अविजित रहे। कप्तान रिची बेरिंग्टन १४ बलमा २ चौकासहित १३ रनमा अविजित रहे। ब्रेन्डन म्याकमुलेन १ सय ६ बलमा ८ चौका र १ छक्कासहित ६९ रनमा आउट भए।



ओपनर क्रिस म्याक ब्राइड शून्यमै ईनिङको पहिलो बलमा नै आउट भएका थिए। तर दोस्रो विकेटका लागि म्याकमुलेन र क्रसले १ सय २५ रनको शतकीय साझेदारी गरेपछि वेस्ट इन्डिजको जितको सम्भावना समाप्त भएको थियो।

जर्ज मुन्शे ३३ बलमा १ चौकासहित १८ रनमा आउट भए। त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको वेस्ट इन्डिज ४३ दशमलव ५ ओभरमा १ सय ८१ रनमा अलआउट भएको हो।

वेस्ट इन्डिजका लागि जेसन होल्डरले ७९ बलमा ३ चौका र १ छक्काको सहयोगमा ४५ रन बनाए। ८१ रनमा ६ विकेट गुमाई सकेको अवस्थामा होल्डर र रोमारियो शेर्फडले ९६ बलमा ७७ रनको महत्वपूर्ण साझेदारी गरेर टोलीलाई मध्यम योगफसम्म पुऱ्याउन मद्दत गरे। शेफर्डले ४३ बलमा ५ चौकाको सहयोगमा ३६ रन बनाए। ओपनर ब्रान्डन किंगले २२ बलमा ५ चौकाको सहयोगमा २२ रन बनाए। निकोलस पुरनले ४३ बलमा २१ रन बनाए।

कप्तान शाई होपले १३ रन तथा केभिन सेनक्लियरले १० बनाए। वेस्ट इन्डिजका अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन समेत सकेनन्। स्कटल्यान्डका लागि ब्रान्डम म्याकमुलनले ३ तथा क्रिस ग्रेभ, क्रिस सोल र मार्क वाटले समान २/२ विकेट लिए। सफियान सरिफले १ विकेट लिए।

पराजित भएसँगै वेस्ट इन्डिज सुपर सिक्सबाट बाहिरिने दोस्रो टोली बन्ने छ। यस अघि ओमान सुपर सिक्सबाट बाहिरिने पहिलो टोली बनिसकेको छ। वेस्ट इन्डिज पहिलो पटक विश्वकपबाट बाहिरिएको हो।

# प्रफुल र रुकेशको जोडी सेमिफाइनलमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जन र रुकेश महर्जनको जोडी ललितपुरमा जारी तेश्रो प्रधानमन्त्री कप खुल्ला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेका छन्।

महर्जन जोडीले नेपाल पुलिस क्लबका सुनिल जोशी र अमन श्रेष्ठको जोडीलाई २१-१०, २१-१५ ले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेका हुन्। महर्जन जोडीले फाइनल प्रवेशका लागि कास्कीका बिधान अधिकारी र आर्मीका पविन लिनथेपको जोडी संग प्रतिस्र्धा गर्ने छन्। बिधान र लिनथेपको जोडीले नखिपोटका बिवेक कन्दङ्गवा र नेल्सन राईको जोडीलाई २१-१२, २१-१४ ले पराजित गरे।



यस्तै एपिएफका प्रिन्स दाहाल र बिजित थापा मगरको जोडीले पनि सेमिफाइनल यात्र तय गरे। उक्त जोडीले बालकुमारी रिमिक्स क्लबका ससिन डङ्गोल र सुमित महर्जनको जोडीलाई २१-१८, २१-१९ ले पराजित गर्दै सेमिफाइनलमा पुलिसका जिवन आचार्य र बिष्णु कटुवालको जोडी संगको भेट पक्का गरे। जिवन र बिष्णुको जोडीले आर्मीका देवराज राना र रोशन साउदको जोडीलाई २१-१५, २१-८ले पराजित गर्दै दाहाल र थापा मगरको जोडी संगको भेट पक्का गरेका हुन्।

नेपाल ब्याडमिन्टन संघको तत्वावधान तथा बागमती प्रदेश ब्याडमिन्टन संघ तदर्थ समितिको ब्यवस्थापनमा भएको प्रतियोगिताको ब्वाईज यु ११ तर्फको खेलमा आर्मीका दीप थिङ्गले आई.बि.एस.सी.का प्रशान्त बुढाथोकीलाई २१-११, २१-१९, सूर्यदर्शन ब्याडमिन्टन एकेडेमीका आदित्य थारुले कपिलबस्तुका विराट बस्नेतलाई २१-११, १९-२१, २१-१६, आई.बि.एस.सी.का प्रिन्स थापा मगरले महाबौद्ध युथ क्लबका आर्भ शाक्यलाई २१-१४, २१-१० तथा दोलखाका आर्नभ श्रेष्ठले आइ.बि.डी.सी.का अक्षत ढुङ्गेललाई २१-१६, १८-२१, २१-१५ ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाए।

यस्तै गर्ल्स यु १३ तर्फको खेलमा डिबिएकी अश्मिता खत्रीले आर्मीकी समृद्धि श्रेष्ठलाई २१-१६, २१-१९, बेलटार ब्याडमिन्टन एकेडेमीका दिया राईले भक्तपुरकी स्वर्लिन श्रेष्ठलाई २३-२१, २१-१६, एम.बि.बि.एफ.की निभा राईले दोलखाकी रितिका श्रेष्ठलाई २१-८, २१-९ र ललितपुरकी टिशा रानी शाक्यले आर्मीकी एजिरेन्का शेरचनलाई २१-९, २१-२ ले पराजित गर्दै सेमिफाइनल प्रवेश गरे।

यसै बिधाको ब्वाईज तर्फको खेलमा आर्मीका रिजन मगर र दीपक ब्याडमिन्टन एकेडेमीका डियोन भण्डारीलाई २१-१२, २१-१४, सुहम कार्कीले आर्मीका दीप थिङ्गलाई २१-१५, २१-८, एपिएफका आरुष सिमखडाले देवीनगरका प्रवल श्रेष्ठलाई २१-१५, २१-१० र आर्मीका सुदेश राजकोटीले आ.बि.डि.सी.का अक्षत ढुङ्गेललाई २१-१०, २१-५ ले पराजित गर्दै अन्तिम ४ मा स्थान पक्का गरे।

# पुलिसकी राममायालाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं–** सशस्त्र प्रहरी परिवार महिला सङ्घको २२औं वार्षिकोत्सवको अवसरमा शनिबार काठमाडौंमा भएको 'प्रथम महिला हाफ म्याराथन प्रतियोगिता २०८०' को उपाधि नेपाल पुलिस क्लबकी राममाया बुढाले हात पारेकी छिन्।

उनले एक घन्टा २६ मिनेट नौ सेकेन्डमा २१ किलोमिटर दूरी पार गर्दै उपाधि उचालेकी हुन्। सशस्त्र प्रहरी बल प्रधान कार्यालय हल्चोकको रङ्गशालाबाट सुरु भएको म्याराथन स्वयम्भू, कलङ्की, बल्खु, सानेपा, एकान्तकुना, सातदोबाटो, एन्फा फुटबल ग्राउन्डबाट सोही रुट फिर्ता हुँदै स्टार अस्पताल सानेपा, बल्खु, कलङ्की, सीतापाइला, कारखानाचोक भई पुनः हल्चोक रङ्गशाला आएर समापन भएको थियो।

प्रतियोगितामा प्रथम हुने नेपाल पुलिस क्लबकी राममाया बुढाले रु एक लाख प्राप्त गरेकी छिन्। दोस्रो हुने नेपाल एपिएफ क्लबकी बिन्दाधन्के श्रेष्ठले एक घन्टा २७ मिनेट २७ सेकेन्डमा निर्धारित दूरी पार गरी रु ७५ हजार तथा तेस्रो हुने त्रिभुवन आर्मी क्लबकी पूर्ण राज्यलक्ष्मी न्यौपानेले एक घन्टा २७ मिनेट ५० सेकेन्डमा पार गरी रु ५० हजार पुरस्कार जितेका छन्।

चौथो हुने नेपाल एपिएफ क्लबकी आशा राउतले एक घन्टा ३२ मिनेट १८ सेकेन्डमा पार गरी रु २५ हजार र पाँचौं हुने नेपाल पुलिस क्लबकी सुमित्रा चौधरीले एक घन्टा ३२ मिनेट २८ सेकेन्डमा पार गर्दै रु १५ हजार प्राप्त गरेका छन्।

उपाधि हासिल गर्ने धावकहरूलाई आइतबार वार्षिकोत्सवमा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने कार्यक्रम रहेको छ। प्रतियोगितमा त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपिएफ क्लबलगायत सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालय तथा देशैभरका महिला धावक गरी कुल ४२ महिलाको सहभागिता रहेको थियो।

# स्क्वास एण्ड ऱ्याकेट्स संघ अध्यक्षमा गुरुङ

**काठमाडौं (प्रस)–** नेपाल स्क्वास एन्ड ऱ्याकेट्स संघको अध्यक्षमा ध्रुबबहादुर गुरुङ चयन भएका छन्। संघको १४ औं वार्षिक साधारण सभा तथा पाँचौं अधिवेशनले आगामी चार वर्षका लागि गुरुङलाई अध्यक्षमा चयन गरेको हो।

अध्यक्ष पदका लागि भएको मतदानमा गुरुङले मनोजबहादुर श्रेष्ठलाई हराए। अन्य सबै पद निर्विरोध रहे। उपाध्यक्षमा प्रेम सिंह, सुदीपबहादुर सिंह, दिलिप नरसिंह अधिकारी, जगतसुन्दर सैंजु र रूपकदास ताम्राकार चयन भए। महासचिवको जिम्मेवारी लोकेन्द्रमान सिं भण्डारीले पाए।

शैलेस अमात्य कोषाध्यक्ष र महेन्द्र महर्जन सचिवमा निर्विरोध चुनिए। सदस्यमा राजेन्द्र शाक्य, लालबहादुर गुरुङ, अनिल वज्राचार्य, विदुर धमला, रत्न महर्जन, राकेशकुमार गुप्ता, गिन्दिरा श्रेष्ठ र भावना सुनुवार रहेका छन्।

साधारण सभाको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले एक कार्यक्रमका बीच उद्घाटन गरेका थिए। सदस्य-सचिव घिसिङले आगामी एसियाडमा राम्रो तयारी गर्न अनुरोध गर्दै स्क्वासको प्रशिक्षणका लागि विदेशी प्रशिक्षकको पहल गर्न तयार रहेको प्रतिबद्धता जनाए।

सो समारोहमा होङजोउ एसियाडमा नेपालको प्रतिनिधित्व गर्ने स्क्वासका खेलाडी अरहान्त केशर सिंह, अमृत थापा मगर, अमिर ब्लोन, कृष्णा थापा, विपना ब्लोन र स्वस्थानी श्रेष्ठलाई सम्मान गरिएको थियो।

यसैगरी, पछिल्ला दुई कार्यकालको नेतृत्व गरेका किशोर महर्जनले स्क्वासलाई व्यवसायिक बनाउने प्रयास गरेको बताए। नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले स्क्वास संघको प्रगतिको कामना गर्दै एसियाडमा स्क्वासको सफलताका लागि शुभकामना दिएका थिए।



**बत्तीको उत्सव** | माल्टाको गोजो टापुको सिट्टाडेलामा शुक्रबार राति आयोजित बत्ती उत्सव । उक्त उत्सवमा ३० हजारभन्दा बढी मैनबत्ती बालिएको थियो । *तस्बिरः सिन्हवा*

# दंगा नियन्त्रण गर्न फ्रान्समा ४५ हजार प्रहरी तैनाथ

**पेरिस–** रात्रिकालीन दंगा नियन्त्रण गर्न फ्रान्समा ४५ हजार प्रहरी तैनाथ गरिएको छ । फ्रान्सका आन्तरिक मन्त्री गेराल्ड डार्मानिनले कुनै पनि किसिमका सम्भावित रात्रिकालीन दंगा नियन्त्रण गर्न ४५ हजार प्रहरी अधिकारी तैनाथ गरिएको बताएका छन् ।

अल जजिराले उल्लेख गरेअनुसार अघिल्लो दिन करिब ४० हजार प्रहरी परिचालन गरिएको थियो भने शुक्रबारदेखि थप पाँच हजार प्रहरी परिचालन गरिएको छ ।



गोली हानेर मारिएका १७ वर्षीय नाहेल एमको मृत्युलाई लिएर देशभर विरोध प्रदर्शन भइरहेका बेला फ्रान्समा बिहीबार ४०० भन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको थियो । नान्तेरेमा प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा मार्सेलीमा केही दिनअघि नाहेल नामका १७ वर्षीय किशोरको हत्या गोली लागी मृत्यु भएको थियो । युवकको हत्याको विरोधमा प्रतिरोधलाई झन् तीव्र पारिएको छ ।

किशोरीको सम्झनामा निकालिएको र्‍याली हिंसात्मक बनेपछि नान्तेरेमा एउटा बैंकमा आगजनी भएको छ । सो घटनाको आशंकामा १५ जनालाई प्रहरीले सोधपुछका लागि नियन्त्रणमा लिएको छ । सिएनएनले बिएफएम टिभीलाई उद्धृत गर्दै मार्सेलीमा प्रदर्शनकारीले प्रहरी अधिकारीमाथि आतिशबाजी गरेको जनाएको छ ।

फ्रान्समा मंगलबार अशान्ति भड्किएको र नान्तेरेमा प्रहरीले आवागमन रोकेको केही घण्टापछि नाहेलको हत्या भएको थियो र त्यसको विरोधमा ४० वटा कार जलाइएको थियो भने २४ जना प्रहरी अधिकारी घाइते भएका थिए । *रासस⁄एएनआई*

# केन्या सडक दुर्घटनामा ४९ जनाको मृत्यु

**नैरोबी–** पश्चिमी केन्याको व्यस्त सडकमा ट्रकले नियन्त्रण गुमाएर अन्य सवारीसाधन र पैदल यात्रुमाथि ठोक्किँदा ४८ जनाको मृत्यु भएको छ । अल जजिराले उल्लेख गरेअनुसार यो समाचार तयार पार्दासम्म ४९ जनाको मृत्यु भएको छ ।

केरिचो र नाकुरु सहरबीचको राजमार्गमा शुक्रबार राति भएको सो दुर्घटना बारे स्थानीय प्रहरी कमाण्डर जेफ्री मायेकले बताएका छन् । 'दुर्घटनामा ३० जना गम्भीर घाइते भएका छन् । उनीहरूलाई विभिन्न अस्पतालमा लगिएको छ । यद्यपि, पीडितको संख्या धेरै हुन सक्छ तर अहिलेसम्म हामी ३० जनाको बारेमा निश्चित भएका छौं,' उनले भने ।

साथै, क्षेत्रीय प्रहरी कमाण्डर टम ओडेराले मृत्यु हुनेको संख्या ४९ पुगेको पुष्टि गरेका छन् । 'केरिचोतर्फ गुडिरहेको एउटा ट्रकले नियन्त्रण गुमाएको र बस स्टपमा खचाखच भरिएका माटाटस स्थानीय मिनिकोमा ठोक्किएको र



बस स्टपमा उभिरहेका यात्रु र पैदल यात्रुलाई घाइते बनाएको हामीले आशंका गरेका छौं,' मायेकले भने । दुर्घटनाका प्रत्यक्षदर्शी रहेका चालक पिटर ओटिएनोले भने, 'मैले तीव्र गतिमा आउँदै गरेको ट्रेलर देखेँ । एक्कासि ठोक्किएपछि म भागेँ ।' मैले आफ्नै आँखाले करिब २० वटा शव देखेँ । गाडीमुनि अन्य शव पनि थिए ।' *रासस⁄एएनआई*

## चिनियाँ युआन डलरको तुलनामा कमजोर

**बेइजिङ–** चिनियाँ मुद्रा रेन्मिन्बी (युआन)को केन्द्रीय समानता दर शुक्रबार अमेरिकी डलरको तुलनामा ५० पिप्स कमजोर भएर ७.२२५८ मा पुगेको छ । चीनको विदेशी विनिमय व्यापार प्रणालीलाई उद्धृत गर्दै सरकारी सञ्चारमाध्यमले त्यसबारे जानकारी दिएको छ ।

चीनको स्पट विदेशी विनिमय बजारमा युआनलाई प्रत्येक व्यापार हुने दिन केन्द्रीय समानता दरबाट दुई प्रतिशतले बढ्न वा घट्न अनुमति दिइएको छ । अमेरिकी डलरको तुलनामा युआनको केन्द्रीय समानता दर प्रत्येक व्यापारिक दिन अन्तरबैंक बजार खोल्नुअघि बजार निर्माताले प्रस्ताव गरेको मूल्यको औसतमा आधारित हुन्छ । *रासस⁄एएनआई*

# सुरक्षा कारबाहीमा ६ जना आतंकवादी मारिए

**इस्लामाबाद–** पाकिस्तानको सुरक्षा फौजले उत्तरी वजिरिस्तान र टचांक सहरमा आतंकवादीविरुद्ध गरेको सुरक्षा कारबाहीमा छ जना मारिएका सेनाको अन्तर सेवा सूचना निकाय आइएसपिआरलाई उद्धृत गर्दै एआरवाई न्युजले जनाएको छ ।

उत्तरी वजिरिस्तान जिल्लाको रजमाक क्षेत्रमा भएको दोहोरो भिडन्तमा तीन जना आतंकवादी मारिएका तथा टचांक सहरमा भएको झडपमा तीन जना मारिएका छन् । सेनाले दुवै स्थानमा शुक्रबार सुरक्षा कारबाही गरेको हो । सुरक्षा बलले झडप भएका दुवै स्थानबाट विभिन्न हातहतियार र गोला बारुद बरामद गरेको छ ।

सुरक्षा बल र निर्दोष नागरिकको हत्याका साथै आतंककारी गतिविधिमा संलग्न सक्रिय समूहलाई निष्क्रिय तुल्याउन सुरक्षा फौज क्रियाशील रहेको जनाइएको छ ।

आइएसपिआरले जारी गरेको विज्ञप्तिअनुसार बुधबार बाजौर र खैबरका आदिवासी जिल्लामा गरिएको त्यस्तै प्रकृतिको कारबाहीमा चार जना आतंकवादी मारिएका छन् । बाजौर जिल्लाको इनायत कल्ली क्षेत्रमा शफिउल्लाह नामक आतंकवादी रहेको आशंकामा सुरक्षा कारबाही सञ्चालन गरिएको थियो । *रासस⁄एएनआई*

# फेसबुकका प्रतिनिधिलाई देश निकाला

**नोमपेन–** कम्बोडियाले फेसबुकका प्रतिनिधिलाई देशबाट निष्कासन गर्ने निर्णय गरेको छ । दक्षिणपूर्वी एसियाली मुलुक कम्बोडियाका प्रधानमन्त्री सामदेक टेचो हुन सेनले फेसबुकका प्रतिनिधिलाई देशबाट निष्कासन गर्ने निर्णय गरेको बताएका हुन् ।

उनले सार्वजनिक रूपमा जारी गरेको सन्देशमा भने, 'अब फेसबुकलाई कम्बोडियामा आफ्नो प्रतिनिधि राख्न दिइने छैन तर देशमा फेसबुकको पहुँच रोक्ने मेरो कुनै मनसाय छैन ।'

हुन सेनले निर्वासित राजनीतिक विरोधीहरूले गरेको 'अपमानजनक' टिप्पणीप्रति फेसबुकले पक्षपात गरेको आरोप लगाएका छन् ।

हुलाक तथा दूरसञ्चार मन्त्रालय (एमपिटिसी)ले शुक्रबार अबेर एक विज्ञप्ति जारी गर्दै फेसबुकका प्रतिनिधिलाई कम्बोडियाबाट निष्कासन गर्ने र कम्पनीको प्रतिनिधित्व, सरकारसँगको सम्बन्ध र निजी क्षेत्रमा साझेदारी सहयोगजस्ता सबै गतिविधि बन्द गर्ने निर्णय गरेको जनाएको छ ।

विज्ञप्तिमा एमपिटिसीले कम्बोडियाका प्रयोगकर्ताहरूका लागि फेसबुकको सेवाहरूमा नक्कली खाताहरू सिर्जना गर्ने, निजी सुरक्षाको जोखिम, तथ्यांक प्रयोग र संकलन, नक्कली समाचारको प्रसार, जवाफदेहिता र पारदर्शिताको कमी, र देशको राजनीतिक मामिलामा हस्तक्षेपजस्ता अनियमितताहरू फेला पारेको जनाइएको छ । रासस⁄एएफपी

## बसमा आगलागी हुँदा २६ जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रमा शनिबार यात्रु बसमा आगलागी हुँदा २६ जनाको मृत्यु हुनाको साथै अन्य केही व्यक्ति घाइते भएका छन् । स्थानीय प्रहरीले जनाएअनुसार दुर्घटनाको कारण अहिलेसम्म थाहा हुन सकेको छैन । सो दुर्घटना नागपुर सहरनजिक समृद्धि महामार्ग एक्सप्रेसवेमा भएको हो ।

यवतमालबाट पुणे जाँदै गरेको उक्त बसमा ३३ जना यात्रु सवार रहेको बुझिएको छ । *रासस⁄सिन्हवा*

# युक्रेन–रूस–युद्धः इयू कूटनीतिमा स्पेनको अग्रसरता

**म्याड्रिड–** स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेज शनिबार बिहान युक्रेनको राजधानी किभ आइपुगेका छन् । युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँग भेटवार्ताका निम्ति उनी शनिबार बिहान किभ आइपुगेको बताइएको छ ।

'म युरोपेली संघको काउन्सिलको स्पेनी अध्यक्षताको पहिलो कार्य युक्रेनमा यसको अध्यक्षसँग होस् भन्ने चाहन्छु' सान्चेजले आफ्नो



आधिकारिक ट्विटमा लेखेका छन् । उनीले सिंगो युरोपको ऐक्यबद्धता व्यक्त गर्न पनि यो भ्रमण गरिएको बताएका छन् । 'युरोपमा शान्ति नआएसम्म हामी युक्रेनी जनतालाई समर्थन गरिरहनेछौं,' बिहीबार इयू शिखर सम्मेलनको क्रममा भ्रमणको घोषणा गर्दै सान्चेजले भनेका छन् । रुसको आक्रमणविरुद्ध लड्ने किभलाई इयूको समर्थन प्रकट गर्ने उद्देश्य पनि यो भ्रमणको रहेको उनीले उल्लेख गरेका छन् । एक वर्ष पहिले इयू सदस्यताको उम्मेदवार बनेको युक्रेनले यस वर्ष सदस्यता प्राप्तिका निम्ति औपचारिक वार्ता गर्ने तयारी गरेको छ । *रासस⁄एएफपी*


**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०३/१७**

यस कम्पनीको मिति २०७९/०३/०१ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **गल्फ सेक्युरिटी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०३/०३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **दियालो फोर्स सेक्युरिटी प्रा.लि.** (**प्रा.लि.नं.६०६५५**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०८०/०३/१७**

यस कम्पनीको मिति २०८०/०२/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रिन्कलवेल पिक्चर्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आयंका फिल्मस् प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आयंका फिल्मस् प्रा.लि.** (**प्रा.लि.नं.२०२९४०⁄०७५⁄०७६**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**फ्रि भिसा, फ्रि टिकट मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : PELABUHAN TANJUNG PELEPAS SDN BHD

पूर्व स्वीकृति मिति : 06 Oct 2022 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/१६ | LT. No. 272628 | चलानी नं. ६०१८८६६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cargo Worker Driver | 250 | 0 | 1500 | ४२,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय सानेपा, ललितपुरमा मितिः २०८० असार २४ गते (9th July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क⁄-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**TRUST INTERNATIONAL OVERSEAS PVT. LTD.** Govt. License 1521/074/075

Sanepa-2, Lalitpur, Nepal. Tel :+977-1-5915798, 5915799

E-mail : trustinternational4415@gmail.com, website:www.trustintloverseas.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : Arabian Consolidated Industrial cleaning services Co.( Tandheef)

पुर्व स्वीकृति मितिः २०८०/०३/१५ | LT. No. : 288779 | चलानी नं.:६०२०४०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 14 | 0 | 1000 | ३४९८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार २४ गते (9th July. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००⁄- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All Asia Overseas Pvt.Ltd**

श्रम इजाजत नं. १३०५⁄०७४⁄०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

**वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर**

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १०९६०० | प्रति तोला - १०९१०० | प्रति तोला - १३६० |



सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-१४ डडुवाका किसानले उत्पादन गरेको काउली बिक्रीका लागि बजार लैजाने तयारी गर्दै ।
*तस्बिरः रूपक पुरी/रासस*

# करको दायरामा पर्नेलाई छुट दिन सकिँदैन : अर्थमन्त्री

■ प्रभाव संवाददाता

**पोखरा-** अर्थमन्त्री डा. प्रकाशशरण महतले आन्तरिक राजस्व कार्यालय पोखराको निरीक्षण गरे । सो क्रममा मन्त्री डा. महतले भने, 'जो करको दायराभित्र पर्छन् उनीहरू भ्याट नलगाइदिए हुन्थ्यो भन्छन् ।'

'हरेक ट्रान्जेक्सनमा लगाइने करलाई मूल्य अभिवृद्धि कर भनिन्छ, यसको फाइदा भनेको हरेक ट्रान्जेक्सनले हिसाब राख्नुपर्छ' मन्त्री महतले आन्तरिक राजस्व कार्यालयका कर्मचारीहरूलाई निर्देशन दिँदै भने, 'धेरैजसो करदाता यो भ्याट नलागिदए हुन्थ्यो भन्छन् । तर, जो करको दायराभित्र पर्छन् उनीहरूलाई छुट दिन सकिँदैन, त्यही हिसाबले काम गर्नुहोला ।' 'आगामी वर्ष हाम्रो राजस्व वृद्धि हुनेछ, अर्थतन्त्र चलायमान हुन थालेको छ । पर्यटन क्षेत्र पनि चलायमान हुँदैछ, यसले राजस्व बढाउन मद्दत गर्छ । तपाईंहरूले यो जिम्मेवारीलाई उच्च कर्तव्यनिष्ठाका साथ पूरा गर्नुहुनेछ भन्ने मलाई विश्वास छ', मन्त्री डा.महतले भने ।

'देशमा जति पनि खर्च हुन्छ, त्यो खर्च जुटाउने काम अर्थमन्त्रालयको हो । खर्च जुटाउने तीनवटा श्रोतहरू छन् । राजस्व महत्वपूर्ण आधार हो, यसलाई जति विस्तार गर्न सकियो, त्यत्ति बढी हामी आत्मनिर्भर हुन्छौं' मन्त्री डा. महतले भने, 'दोस्रो श्रोत आन्तरिक ऋण हो, यसको हामीले साउ ब्याजसहित तिर्नुपर्छ । तेस्रो श्रोत भनेको बहुराष्ट्रिय संघसंस्था र देशहरूसँग लिइने ऋण र अनुदान हो । अनुदानको प्रतिशत थोरै छ, धेरै ऋण नै हुन्छ, त्यसकारण त्यो ऋण पनि फिर्ता गर्नुपर्छ । आन्तरिक र विदेशबाट प्राप्त ऋण हाम्रो आन्तरिक आम्दानीबाटै फिर्ता गर्नुपर्छ ।'

'ऋण लिँदै गर्‍यो, त्यसको साउ ब्याज तिर्दै गरेर हामीले चलाइरहेका छौं । त्यसैले हामीले राजस्वको दायरा बढाउँदै लैजानु आवश्यक छ । बढाउने नाममा कागती निचोरेजस्तो गर्न मिल्दैन, मन्त्री डा. महतले भने, 'जति धेरै उत्पादन भयो, हामी सहज रूपमा कर उठाउन




सक्छौं । जति धेर कर उठ्यो, त्यत्ति बढी राजस्व उठ्छ । जति धेरै राजस्व उठ्यो, उति बढी विकास निर्माणमा बजेट विनियोजन गर्न सक्छौं, त्यसपछि अर्थतन्त्र चलायमान हुन्छ ।'

पोखरा अन्तर्राष्ट्रिय एयरपोर्टको उदाहरण दिँदै मन्त्री डा. महतले भने, 'पोखरा अन्तर्राष्ट्रिय एयरपोर्ट निर्माणका लागि हामीले ऋण लियौं, अहिले चलिरहेको छैन । साउ ब्याज तिर्न मुस्किल छ, लुम्बिनी एयरपोर्टको अवस्था पनि त्यस्तै छ । कतिपय आयोजनाबाट प्रतिफल आउन सकेको छैन । विकास निर्माणमा विनियोजित बजेटभन्दा बढी ऋणको साउ ब्याज तिर्नुपर्ने अवस्था छ । ३ खर्ब ७ अर्ब हामीले साउ ब्याज तिर्नुपर्छ । हाम्रो पूँजीगत खर्च ३ खर्ब २ अर्ब मात्र छ । अब हामीले राजस्व बढाउनुपर्छ, यसमा कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ ।'

त्यस्तै अर्थमन्त्री डा. महतले काठमाडौंपछि आर्थिक क्रियाकलाप पोखरामा बढी हुन्छ, यहाँ मध्यम खालका उद्योग छ, पर्यटन यहाँको महत्वपूर्ण बताए । पोखरा उद्योग वाणिज्य सङ्घ र लेखनाथ उद्योग वाणिज्य सङ्घसँगको शनिबार भएको भेटघाट कार्यक्रममा मन्त्री डा. महतले भने, 'मध्यमखालको उद्योगले नै धेरै रोजगारी सिर्जना गर्छ । यस्ता उद्योगलाई संरक्षण गर्न हामीले बजेटको व्यवस्था गरेका छौं ।'

कम्तीमा एक तहको संरक्षण दिने सरकारको नीति छ, जसले गर्दा पोखराको साना र मझौला उद्योग वृद्धि हुने मन्त्री डा. महतको भनाइ थियो, उनले भने, 'पर्यटन व्यवसायले लय पक्रन थालेको छ । उद्योग वाणिज्य क्षेत्रका साथीहरूले सकरात्मक सोचका साथ अगाडि बढ्न जरुरी छ ।'

व्यवसायीहरूले सोधेको जिज्ञासाको उत्तर दिँदै मन्त्री डा. महतले भने, 'सुनमा लक्जरी ट्याक्स लगाएको छैन, हिरा मोतीमा हो, लक्जरी ट्याक्स । जसले १० लाखभन्दा माथिको किन्छ, उसलाई त्यो ट्याक्स लगाएको हो । थोरै भए पनि आम मानिसले सुन लगाउँछन, त्यसैले सुनमा ट्याक्स लगाएको छैन ।' 'ट्राभलर्समा भ्याट लगाएको छैन, एयरलाइन्सलाई लगाइएको हो । नेपाल ओरिजन भएको एयरलाइन्सको फ्लाइटमा त्यो ट्याक्स लाग्छ । व्यवसायीहरूले ट्याक्स तिर्नुपर्ने होइन' मन्त्री डा. महतले भने, 'नेपालको उत्पादन बढाउन आलु प्याजमा भ्याट लगाइएको हो । साप्टाको सम्झौताअनुसार ७ प्रतिशतभन्दा बढी कर लगाउन पाइँदैन । सुनमा भारतमा जस्तै यहाँ पनि सुविधा दिएको छ । महिलालाई ५० हजार र पुरुषलाई २५ हजार रूपैयाँसम्म सुन खरिदमा सुविधा दिइएको छ ।'

# लुम्बिनी प्रदेशका क्रसर उद्योग बन्द

■ प्रभाव संवाददाता

**भैरहवा-** लुम्बिनीका क्रसर उद्योगीहरू आन्दोलित हुँदै क्रसर उद्योग नै बन्द गर्ने घोसणा गरेका छन् । सरकारको अव्यावहारिक निर्णयले नविकरण हुन नसकेको भन्दै लुम्बिनी प्रदेशका सबै उद्योगीले असार १६ गते देखि उद्योग बन्द गर्ने जानकारी गराएका हुन् ।

विगत १० वर्ष देखि नेपाल सरकारबाट जारी भएका अव्यावहारिक निर्णयहरूको कारण निरन्तर उद्योगहरूको नविकरण सम्बन्धी समस्या झेल्दै आएको बताउदै उनीहरूले नेपाल सरकारबाट कानून बमोजिम दर्ता भई ईजाजत लिई सञ्चालनमा रहेका क्रसर, खानी तथा वालुवा उद्योगहरू २०८० असार १५ गते भित्र नविकरण गर्न मातहतका निकायहरूलाई लिखित स्पष्ट निर्देशन नभएको खण्डमा यस लुम्बिनी प्रदेश क्रसर व्यवसायी संघ वाध्य भई २०८० असार १६ गतेदेखि हाम्रा प्रदेशका सम्पूर्ण क्रसर, खानी तथा वालुवा उद्योगहरूको विक्री वितरण कार्य तथा उत्पादन कार्य ठप्पगरी अनिश्चित कालको लागि बन्द गर्ने निर्णयमा पुगेको लुम्बिनी प्रदेश क्रसर व्यवसायी संघका अध्यक्ष गोपाल ज्ञवालीले बताए ।

नेपाल सरकार, गृह मन्त्रालयले मिति २०७९ पुष २० गतेबाट क्रसर, वालुवा तथा खानी उद्योग बन्द गराई नेपाल सरकारको तर्फबाट छानविन गरी कानून बमोजिम अनुमति ईजाजत लिएका उद्योगहरूको विवरण नै सार्वजनिक गरेको थियो ।

नेपाल सरकार मन्त्री परिषदको बैठक ले दर्ता भई सञ्चालनमा रहेका, मापदण्ड लगायतका कारण नवीकरण हुन नसकेका क्रसर उद्योगहरूको हकमा ती उद्योगबाट कानून बमोजिम लाग्ने कर, दस्तुर शुल्क लगायतका राजस्व लिई २०८० असार मसान्तसम्म यथावत रूपमा सञ्चालन गर्ने निर्देशन समेत भएको थियो ।

निर्णय अनुसार नेपाल सरकारले तोकिएको निकायबाट हालसम्म कुनै पनि निर्देशन कार्यान्वयन नभएर उद्योगहरू नविकरण नभएका र उद्योगी व्यवसायीहरू जिल्ला जिल्लामा रहेका नेपाल सरकारको सम्बन्धित निकाय घरेलु तथा साना उद्योग कार्यालयमा कर, दस्तुर शुल्क लगायतका राजस्व रकम बुझाउन जाँदा पत्रमा नविकरणको भाषा स्पष्ट नभएको कारण जनाई रकम बुझ्न नमानेको र उद्योगहरू नविकरण समेत नभएकोले बाध्य भएर आन्दोलित हुन परेको संघका केन्द्रिय उपाध्यक्ष चन्द्रमणी अधिकारीले बताए ।

कच्चा पदार्थको रूपमा रहेका ढुङ्गा, गिट्टी, वालुवा उत्खनन कार्य र तिनै कच्चा पदार्थहरू कसिङ्ग प्रशोधन गर्ने गरी उद्योग संचालन गर्ने कार्य दुई छुट्टाछुट्टै उद्देश्य र प्रकृतिको कार्य हुन । कच्चा पदार्थ उत्खनन कार्यलाई क्रसर उद्योग संचालनसंगै जोडेर मूल्यांकन गर्न नमिल्ने हुँदा उत्खनन कार्य स्थानीय सरकारमार्फत र कसर उद्योग संचालन कार्य उद्योग मन्त्रालय मार्फत नै व्यवस्थापन गर्ने व्यवस्था मिलाउन समेत उनीहरूले माग गरेका छन् ।

अर्बौं लगानी भएको क्रसर उद्योग देशभर ६ सय र लुम्बिनी प्रदेशमा मात्रै करिब १५० वटा रहेका छन् ।

# वायुसेवा निगमले मनायो ६५औं वार्षिकोत्सव

■ प्रभाव संवाददाता

**काठमाडौं-** राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले ६५औं वार्षिकोत्सव मनाएको छ । दिवसका अवसरमा नयाँसडकस्थित निगमको केन्द्रीय कार्यालयमा शनिबार वैदिक विधिअनुसार आकाश भैरवको पूजा आराधना गरिनुका साथै प्रभातफेरी आयोजना गरिएको छ ।

विगतका वर्षहरूमा औपचारिक कार्यक्रम गरेर दिवस भव्यरूपमा मनाइने गरिएको भए पनि निगमले यसपटक सामान्यरूपमा कार्यालय परिसरमै अनौपचारिक कार्यक्रम तथा शुभकामना आदानप्रदान गरेर वार्षिकोत्सव मनाएको हो ।

निगमको प्रधान कार्यालयबाट सुरु भएको पैदल यात्रा वसन्तपुर, आकाश भैरव मन्दिर, असन, जमल, घण्टाघर, शहीदगेट हुँदै निगमको प्राङ्गणमा आएर अनौपचारिक कार्यक्रममा परिणत भएको थियो ।

वार्षिकोत्सवका अवसरमा शुभकामना व्यक्त गर्दै निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले राष्ट्रिय ध्वजावाहकको मान र स्वाभिमान कायम राख्दै निगमको हितमा काम गर्न कर्मचारीलाई आग्रह गरेका छन् । उनले सम्पूर्ण कर्मचारी अनुशासित भई




एकजुट भएर बाधा अड्चनलाई छिचोल्दै, राष्ट्रिय दायित्वको भूमिका निर्वाह गर्न पनि अनुरोध गरे ।

वार्षिकोत्सवको अवसरमा असार ८ गते केन्द्रीय कार्यालयमा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । जसमा निगमका एक सय ७२ जना कर्मचारीले रक्तदान गरेका थिए ।

त्यसैगरी निगमको केन्द्रीय कार्यालयमा असार १५ गते टेबल टेनिस प्रतियोगिता आयोजना गरिएको थियो । उक्त प्रतियोगितामा पुरुषतर्फ निगमका का.मु उपनिर्देशक शैलेश कंशाकार पहिलो र निगमका अध्यक्ष युवराज अधिकार दोस्रो भएका थिए । महिलातर्फ उपनिर्देशक सविना शाक्यले पहिलो र उपनिर्देशक प्रतिभा शर्मा दोस्रो भएका थिए । निगमले बिना तामझाम आर्थिक मितव्ययता अपनाइ वार्षिकोत्सव कार्यक्रम मनाइएको विज्ञप्तिमा जनाइएको छ ।

सन् १९५८ जुलाई १ मा स्थापना भएको निगमले २८ सिट क्षमतायुक्त डोग्लस डिसी ३ डाकोटाबाट सेवा प्रारम्भ गरी ६५ वर्ष दौरानमा पछिल्लो पटक वाइडबडी ए ३३०-२०० सिरिजको विमान भित्र्याएर सेवा दिइरहेको छ ।

निगमले हाल अन्तर्राष्ट्रियतर्फ भारतको नयाँदिल्ली, बैङ्लोर र मुम्बई तथा हङकङ, मलेसिया, थाइल्याण्ड, जापानका नारिता, कतारको दोहा, युनाइटेड अरब इमिरेट्सको दुबई र साउदी अरबको रियादमा उडान भर्दै आएको छ । निगमले दुई थान वाइड बडी ए ३३० र दुई थान न्यारोबडी ए ३२० सिरिजका विमानमार्फत अन्तर्राष्ट्रिय उडान गरिरहेको छ ।

स्थापनाको ६५ वर्षको इतिहास बोकेको निगमले आफ्नो बजार हिस्सा गुमाउँदै जाँदा चिन्ता बढेको छ । निगमको ऋण दायित्व करिब रु ४८ अर्ब पुगेको छ । वाइडबडी विमान खरिद गर्न कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोषबाट निगमले ऋण लिएको थियो । भएका विमान पनि राम्ररी सञ्चालन नहुनु, बजेट एयरलाइन्ससँगको प्रतिस्पर्धालगायत कारणले खस्केको निगमले ग्राउण्ड ह्याण्डलिङ सेवा, अन्तर्राष्ट्रिय गन्तव्यमा व्यापार भने राम्रो भइरहेको छ ।

सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घर वरिपरी सफा राखौं, प्वालहरू टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खातमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ